Developing a Rights Based Approach for Anti-Trafficking Actions in South Asia (DDH/2004/089-105)

# मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अधिकारमा आधारित उपायबारे

# दिग्दर्शन

International Federation terre des hommes

सर्वाधिकार© : काठमाडौं स्कुल अफ ल

प्रकाशक : **काठमाडौं स्कुल अफ ल**
पो.ब.नं. ६६१८, दधिकोट-९, भक्तपुर, नेपाल
फोन : ९७७-१-६६३४४५५, ६६३४६६३
फ्याक्स : ९७७-१-६६३४८१०
सीटी अफिस : तीनकुने, २०४२२६८

प्रकाशन मिति : २०६४

सहयोग : **यूरोपियन आयोग** (European Commission)
**तेर दे जोम सञ्जाल** (TDH Consortium)

डिजाइन : महेश्वर फुयाल

# धन्यवाद ज्ञापन

प्रस्तुत क्षेत्रीय दिग्दर्शन "दक्षिण एसियामा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध कारबाहीका लागि अधिकारमा आधारित उपायको विकास (Developing a Rights Based Approach for Anti-Trafficking Actions in South Asia - DDH/2004/089-105) नामक परियोजना अन्तर्गत विकास गरिएको हो । उक्त परियोजना युरोपेली आयोग (European Commission) र तेर दे जोम (Terre des hommes) को संयुक्त आर्थिक सहयोगमा सञ्चालित रहेको छ । परियोजना तेर दे जोमका ५ वटा भातृ सङ्गठनहरू र तिनका स्थानीय स्तरका साझेदारहरूसँग मिली भारत, बंगलादेश तथा नेपालमा कार्यान्वयन भइरहेको छ । यो दिग्दर्शन मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध कार्य गर्ने साझेदारहरू मानवअधिकार प्रवर्द्धन गर्न केन्द्रित होऊन् भन्ने उद्देश्यले अभिप्रेरित छ ।

प्रस्तुत दिग्दर्शन विविध क्षेत्रमा कार्यरत मानिसहरूको एउटा विशाल समूहको सामूहिक प्रयासको प्रतिफल हो । दिग्दर्शनका आधारभूत संरचनाको तयारी तथा प्रस्तुती मार्च १९-२१, २००७ मा काठमाडौंमा भएको क्षेत्रीय सम्मलेनमा भएको थियो । यसको रूपरेखा सम्मेलनका सहभागीहरूद्वारा व्यापक रूपमा छलफल गरी स्वीकृत गरिएको थियो । सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कारबाहीमा मानवअधिकारमाथिको असर अनुगमनका लागि मानवअधिकार कानुन तथा अन्य साझा मापदण्डहरूमा केन्द्रित रही मानव बेचबिखन तथा ओसारपसारको सम्बन्धमा साझा धारणाको विकास गर्नुपर्ने कुरामा जोड दिएका थिए । 'परिचय' परिच्छेदमा उल्लेख गरेझैं साझा मापदण्डहरूले मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई एकै ढङ्गले बुझ्नका लागि सैद्धान्तिक आधार उपलब्ध गराउने कुरा विश्वास गरिएको छ । भारत, बंगलादेश तथा नेपालमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कानुनी रूपरेखाहरूको अन्तर्राष्ट्रिय मापदण्डहरूसँगको समरूपीकरणले प्रस्तुत दिग्दर्शनका लागि स्रोत आधार प्रदान गर्छ ।

स्वीकृत गरिएको रूपरेखा सम्बन्धित राष्ट्र समूहहरूमा व्याख्याका लागि तथा राष्ट्रभित्रका अवस्थाहरूसँग परिप्रेक्षीकरणका लागि वितरण गरिएको थियो । बंगलादेशका लागि चटगाउँ विश्वविद्यालय (Chittagong University) कानुन सङ्कायका डिन सहप्राध्यापक जाकिर हुसेन तथा काठमाडौं स्कुल अफ ल की सहप्राध्यापक गीता पाठकद्वारा दिग्दर्शनको राष्ट्र-विशेष नमुना तयार गर्नका लागि रातदिन मेहनत गरिएको थियो । भारतका लागि प्राध्यापक नोमिता अग्रवालद्वारा उक्त जिम्मेवारी बहन गरिएको थियो ।

सह-प्राध्यापक जाकिर हुसेन, सह-प्राध्यापक गीता पाठक र सहायक प्राध्यापक कपिल अर्यालको सहयोगमा सह-प्राध्यापक डा. युवराज संग्रौलाद्वारा साझा मापदण्डको नमूना तयार गरिएको थियो । यस दिग्दर्शनको पहिलो परिच्छेद साझा मापदण्ड खासगरी मानव बेचबिखन तथा ओसारपसारको परिभाषा, स्वरूप, मुख्य कारकतत्त्वहरू, क्षेत्रीय कानुनी रूपरेखा, अन्तर्राष्ट्रिय दृष्टिकोणबाट अवलोकन तथा विश्लेषणमा केन्द्रित छ । साथै यसमा यस क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध उपायलाई निर्देशित गर्न सघाउ पुर्‍याउने हेतुले एउटा विस्तृत बहाव तालिका पनि प्रस्तुत गरिएको छ ।

यो क्षेत्रीय दिग्दर्शन दक्षिण एसियाली कानुन विद्यालयहरूको मञ्च (साल्स फोरम) का अनुसन्धानकर्ताहरू र तेर दे जोम सञ्जाल (Tdh Consortium) का प्रतिनिधिहरूबीच श्रृङ्खलाबद्ध

बैठकहरू पश्चात यस रूपमा आएको हो । ती बैठकहरू साझा मापदण्डहरू तय गरी मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कारबाहीमा अधिकारमा आधारित उपायको असरको अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्र विशेष नमूना तथा बहाव तालिकाको नमूना तथा स्वरूप निर्धारण गर्ने दृष्टिकोणले आवश्यक थिए ।

प्रस्तुत दिग्दर्शन विकास गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने सहकर्मी साथीहरू प्रशंसा तथा कृतज्ञताका पात्र छन् । वास्तवमा यस क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सङ्घर्षका लागि नयाँ उपाय भित्र्याउनका लागि यो अभियान अत्यन्त महत्त्वपूर्ण छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त के छ भने परियोजनाले सबै सरोकारवालाहरू, मुख्यतयाः विश्वविद्यालय स्तरीय कानुनका विद्यार्थीहरूलाई मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरूको मानवअधिकार संरक्षणतर्फ ठूलो सचेतना तथा सहकार्यका लागि एकै ठाउँमा ल्याएको छ र मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सङ्घर्षको अभियानमा योगदान पुऱ्याएको छ । परियोजनाले मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरूको मानवीय हितका लागि राष्ट्रहरूबीचका राजनीतिक सीमा मेटिदिएको छ ।

म यस अवसरमा वर्तमान क्षेत्रीय अध्ययन तथा दिग्दर्शन विकास गर्न सफल नेतृत्त्वदायी भूमिका निभाउने प्राध्यापक डा. नोमिता अग्रवाललाई विशेष धन्यवाद दिन चाहन्छु । यस क्षेत्रको मानवअधिकार कानुन शास्त्रमा उनको गहन ज्ञानको अभावमा न त यो अध्ययन नै सम्भव हुन्थ्यो न त यो दिग्दर्शन नै । त्यस्तै दिग्दर्शनको राष्ट्र विशेष भाग तयार गर्न सघाउने सम्बन्धित राष्ट्र समूहप्रति पनि आभार व्यक्त गर्छु । बंगलादेशबाट सहप्राध्यापक जाकिर हुसेन र नेपालबाट सहप्राध्यापक गीता पाठकमा यसको श्रेय जान्छ । त्यस्तै बंगलादेशका सहायक प्राध्यापक डा. अब्दुल्लाह फारुक, नेपालका सहायक प्राध्यापक कपिल अर्याल तथा भारतका डा. गीता सेखन, अधिवक्ता चन्द्रशेखर, अधिवक्ता नीति सचदेवा, अधिवक्ता मल्लिका रामचन्द्रन, अधिवक्ता नेहा नाचहल र अधिवक्ता अनुराग गोयल क्षेत्रीय अध्ययनमा उनीहरूका कडा परिश्रमका लागि प्रशंसा तथा धन्यवादका पात्र छन् । यस क्षेत्रका अनुसन्धानकर्ताहरूबीच सञ्चार तथा समन्व्य गर्न सहयोग गर्ने प्रदीप पाठक र विद्या पोखरेल पनि धन्यवादका पात्र छन् ।

साल्स फोरम र यसका क्षेत्रीय सञ्जालसित सहज समन्वय र साझा मापदण्ड निर्धारणका लागि सक्रिय सहभागिताका लागि Tdh Nepal का लागि प्रतिनिधि जोसेफ आगेटों र Tdh Nepal कै मानव बेचबिखन तथा ओसारपसारविरुद्ध परियोजनाकी कार्यक्रम अधिकृत मुना बस्नेतलाई विशेष धन्यवाद दिन चाहान्छु ।

अन्तमा यस परियोजनामा संलग्न सञ्जालका प्रतिनिधिहरू, परियोजना अन्तरिम क्षेत्रीय संयोजक स्टेफानो एलेरो, Tdh Suisse का राष्ट्रिय संयोजक आशिष घोष, Tdh German की राष्ट्रिय कार्यक्रम संयोजक दिपानिता विश्वास, Tdh Italy का कार्यक्रम संयोजक जमिल हसन र परियोजनाकी क्षेत्रीय संयोजक पत्रिजिया गट्टोनीप्रति अत्यन्त गहिरो आभार व्यक्त गर्छु ।

**डा. युवराज संग्रौला**
कार्यकारी निर्देशक
काठमाडौं स्कुल अफ ल
सचिव, साल्स फोरम

# विषयसूची

**भाग १ : मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अधिकारमा आधारित उपाय** .............. १

परिचय ........................................................................................ २

यो दिग्दर्शन कसले प्रयोग गर्छ ? ..................................................... ......५

दिग्दर्शनको प्रयोग ........................................................................... ६

परिच्छेद – १ : **मानव बेचबिखन तथा ओसारपसारको अर्थ र परिभाषा** .......................... ७

१.१. परिचय ........................................................................................ ७

१.२. मानव बेचबिखन तथा ओसारपसारको परिभाषा ................................................ ९

परिच्छेद – २ : **मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधको वर्गीकरण** ............ १९

२.१. गन्तव्यमा आधारित वर्गीकरण ............................................................ १९

२.२. उद्देश्यमा आधारित वर्गीकरण ............................................................ २०

परिच्छेद – ३ : **मानव बेचबिखन तथा ओसारपसारका प्रमुख कारणहरू** ......................... २५

३.१. आर्थिक सामाजिक कारणहरू ............................................................ २५

३.२ अन्य कारणहरू ............................................................................ २८

३.३ कानुनी मुद्दा ............................................................................... २९

३.४ अन्य मुद्दाहरू .............................................................................. ३०

परिच्छेद – ४ : **नेपाल, भारत र बंगलादेशका कानुनी रूपरेखाको तुलनात्मक अध्ययन** ..... ३३

४.१. अन्तर्राष्ट्रिय कानुन अनुमोदनको स्थिति ................................................. ३३

४.२. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध, सजाय तथा निरोधसम्बन्धी कानुनी संरचनाको सबल पक्षहरू ................................................ ३५

४.३. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध, सजाय तथा निरोधसम्बन्धी कानुनी संरचनाको दुर्वल पक्षहरू ................................................ ३८

**भाग २ विभिन्न तहमा प्रभावकारी बहस कार्यान्वयनका लागि क्रियाकलाप र अधिकारमा आधारित असर अनुगमनका लागि संयन्त्रहरू ........ ४१**

१. अधिकारमा आधारित उपायका लागि प्रशिक्षण तथा सचेतना कार्यक्रम ........ ४२

२. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अधिकारमा आधारित उपायसम्बन्धी साल्स फोरमका मुख्य पदाधिकारीहरूमा केन्द्रित प्रशिक्षकहरूका लागि प्रशिक्षण कार्यक्रम ........ ४४

२.१. प्रशिक्षकहरूका लागि प्रशिक्षण (TOT) ........ ४४

२.२. HRDS/ATU सदस्यहरूलाई प्रशिक्षण ........ ४६

२.३. समुदायमा आधारित संस्थाहरूका लागि प्रशिक्षण ........ ४९

२.४. सञ्चारकर्मीहरूलाई दिइने प्रशिक्षण ........ ५०

२.५. कानुनका विद्यार्थीहरूको लागि प्रशिक्षण ........ ५०

**अनुसूची १ :** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४ ........ ५२

**अनुसूची २ :** चार चरणको बहाव तालिका: यस क्षेत्रमा मानव ओसारपसार तथा बेचबिखनविरुद्ध निर्देशनका लागि संयन्त्र ........ ५८



भाग १

# मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अधिकारमा आधारित उपाय



## परिचय

यो दिग्दर्शन दक्षिण एसियाली क्षेत्रीय राष्ट्रहरू विशेष गरी भारत, बंगलादेश र नेपालमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी बढ्दो खतरालाई सम्बोधन गर्न "मानवअधिकारमा आधारित उपाय" विकास गर्ने अभियानमा केन्द्रित छ। मानव बेचबिखन तथा ओसारपसार विशेष गरी दक्षिण एसियाली क्षेत्रमा हुने बालबालिकाको बेचबिखन तथा ओसारपसार एउटा गम्भीर क्षेत्रीय समस्या हो। मानव बेचबिखन तथा ओसारपसार आफैंमा एक प्रकारको शोषण हो जसमा धेरै प्रकृतिका शोषण निहित हुन्छन् जस्तो कि - आधारभूत स्वतन्त्रता र मानवअधिकारको हनन्, बलपूर्वक श्रम गर्न लगाइनु, ऋणका कारण बँधुवा मजदुर बनाइनु, बसाइँ सराइ गरी आएका मजदुरहरूमाथिको शोषण, श्रम शोषण, यौनशोषण, हिंसा, महिलामाथिको भेदभाव र हिंसा तथा बालबालिकाको शोषण आदि। दुवै कानुनी र गैरकानुनी श्रमका लागि आन्तरिक रूपमा गाउँबाट सहरमा र अन्तर्राष्ट्रिय रूपमा राष्ट्रिय सीमा नाघेर महिला बालबालिका र अन्य मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी हुने विविध समस्याबाट दक्षिण एसियाली क्षेत्र ग्रस्त छ।

कानुनी व्यवस्थामा अवधारणागत स्पष्टताको अभाव नै यस क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको युद्धमा प्रमुख समस्याको रूपमा रहेको ठहर्छ। केही कानुनहरूले अत्यावश्यक रूपमा नैतिक मूल्यसँग सम्बन्धित समस्याहरूलाई मात्र सम्बोधन गर्छन् जब कि अन्य कानुनहरू बेचबिखन तथा ओसारपसारमा परेको मानिसहरूको मानवअधिकार संरक्षण गर्न असफल छन् तथा पर्याप्त र सक्षम दण्ड नीतिको पनि अभाव छ। त्यसैगरी यस क्षेत्रका राज्यहरू फौजदारी न्यायसम्बन्धी नीतिहरूमा पनि स्पष्ट छैनन् फलतः कानुन पालन गराउने निकायहरूको मानव ओसारपसार र बेचबिखनसम्बन्धी अपराधको अभियोजनका लागि उपलब्ध कानुनहरू पर्याप्त नभएको गुनासो छ। यसका साथै झन्झटिलो कार्यविधि, प्रमाण संकलन र परीक्षणका लागि सक्षम संयन्त्रको अभाव र धेरैजसो परिस्थितिमा प्रमाण र साक्षीको अभाव प्रमुख समस्याको रूपमा रहेको छ। यी कारणहरूले असफल अभियोजनको बृद्धि मात्र भएको छैन, पीडितको जोखिम पनि बढाएको छ। यसले पीडितलाई जाहेरी गर्नबाट हतोत्साही बनाएको छ र दण्डहीनताको संस्कृति विकास गर्न मद्दत पुऱ्याएको छ।

**_यो दिग्दर्शन दक्षिण एसियाली क्षेत्रीय राष्ट्रहरू विशेष गरी भारत, बंगलादेश र नेपालमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी बढ्दो खतरालाई सम्बोधन गर्न "मानवअधिकारमा आधारित उपाय" विकास गर्ने अभियानमा केन्द्रित छ।_**

दक्षिण एसियाली राष्ट्रहरूका फौजदारी न्याय प्रणालीले पीडितको मानवअधिकारको संरक्षणका लागि कुनै सरोकार राख्दैन। क्षतिपूर्ति एउटा मुद्दा हो जसलाई तीनवटै राष्ट्रहरूका पुनः अवलोकन गर्दै रहेका फौजदारी कानुनले ठीक ढङ्गले सम्बोधन गर्दैनन्। मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधको अभियोजन पीडितको हित र अधिकारको प्रत्याभूतिका लागि भन्दा पनि समाजमा शान्ति तथा सुव्यवस्था कायम गर्ने भावनाबाट अभिप्रेरित छ। फौजदारी न्यायका कर्ताहरूका साथै कानुन निर्माताहरू विशेष गरी पीडितको गोप्यतामाथिको अधिकारका बारेमा खासै सुसूचित भएको देखिदैन। फौजदारी कारबाहीका चरणहरूमा पीडित महिला माथिको यौन दुर्व्यवहार एउटा गम्भीर समस्या रहेको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन्। यसले फौजदारी न्यायमाथि पीडितको सहज पहुँचमाथि बाधा पुऱ्याएको छ जुन मानव

ओसारपसार र बेचबिखनमा संलग्नहरू विरुद्धको प्रभावकारी कारबाहीका लागि प्रमुख समस्या हो ।

***“भारत, बंगलादेश र नेपालमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कानुनी रूपरेखाको समरूपीकरणका लागि क्षेत्रीय अध्ययन” नामक प्रकाशनले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अधिकारमा आधारित कारबाहीको विकासका लागि एउटा महत्त्वपूर्ण आधारपत्र तयार गरेको छ ।***

दक्षिण एसियाली फौजदारी न्यायमा अधिकारमा आधारित पक्षबाट मानव बेचबिखन तथा ओसारपसार विरुद्धको समस्या सम्बोधन गर्ने उपायको गम्भीर अभाव रहेको छ। तेर दे जोम (Tdh), काठमाडौं स्कुल अफ ल, सेलर्ड र साल्स फोरमको संयुक्त सञ्जालले सन् २००६ मा “दक्षिण एसियामा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अधिकारमा आधारित उपायको विकास” नामक परियोजनाबाट यसको सुरुवात गरेका छन् । उक्त परियोजनाले मानव बेचबिखन तथा ओसारपसार दासता हो भन्ने कुरामा विश्वास गर्छ। त्यसैले मानवअधिकार कानुनको माध्यमबाट यसमाथि हस्तक्षेपको माग गर्छ । परियोजनाले मानव बेचबिखन तथा ओसारपसारलाई मानवअधिकारको गम्भीर उल्लङ्घन ठान्दछ र यसलाई शून्य - सहिष्णुतामा राख्नुपर्ने कुरामा जोड दिन्छ। परियोजना समापनको मध्यतिर छ र सकारात्मक परिणामतिर उन्मुख छ। “भारत, बंगलादेश र नेपालमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कानुनी रूपरेखाको समरूपीकरणका लागि क्षेत्रीय अध्ययन” नामक प्रकाशनले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अधिकारमा आधारित कारबाहीको विकासका लागि एउटा महत्त्वपूर्ण आधारपत्र तयार गरेको छ ।

व्यापकरूपमा भन्नुपर्दा, परियोजनाले दक्षिण एसियाली क्षेत्र (भारत, बंगलादेश र नेपाल)मा महिला र बालबालिकाको ओसारपसार र बेचबिखनको मुद्दामा सुशासनका लागि पृष्ठभूमि तयार गर्ने र मानव ओसारपसार र बेचबिखन विरुद्धको युद्धमा मानवअधिकारमा आधारित कानुनी तथा सामाजिक उपायहरूको विकास गर्ने लक्ष्य राखेको छ। उक्त लक्ष्य प्राप्तीका लागि यो बहुस्तरीय परियोजनाले यस क्षेत्रीय दिग्दर्शनद्वारा प्राज्ञिक क्षेत्रलाई नागरिक समाज र कानुन पालन गराउने संयन्त्रहरूसित जोड्छ फलतः ती निकायहरू मानवअधिकारका मापदण्डहरूबारे सुसूचित भई ओसारपसार र बेचबिखनमा परेका मानिसहरूलाई सम्मानपूर्वक ढङ्गले उद्धार गरी सम्बन्धित देशमा पठाई स्वच्छ र निष्पक्ष फौजदारी न्यायमा उनीहरूको पहुँच पुऱ्याई कानुनी उपचार ( पुनर्स्थापनात्मक उपचार) उपलब्ध गराई उनीहरूको सामाजिक समाहितीकरणमा सहयोग पुऱ्याउन सक्षम हुनेछन् ।



यो क्षेत्रीय दिग्दर्शनले मानवअधिकारमा आधारित भई मानव ओसारपसार र बेचबिखन विरुद्धका कारबाहीहरूको प्रभाव मूल्याङ्कन तथा अनुगमनका लागि आवश्यक मापदण्ड निर्धारण गर्ने लक्ष्य राखेको छ। ती मापदण्डहरूले उल्लेखित पक्षहरूलाई जोड दिन्छन्।

- ओसारपसार र बेचबिखनमा परेका मानिसहरूलाई बीचमा नै रोक्न, उद्धार गर्न र फर्काउनका लागि अवलम्बन गरिने प्रक्रिया, संयन्त्र र पद्धति।
- ओसारपसार र बेचबिखनमा परेका मानिसहरूको सुरक्षित घर फिर्तीका लागि अवलम्बन गरिने प्रक्रिया, संयन्त्र र पद्धति।
- पीडितको फौजदारी कारबाहीमाथिको पहुँच प्रत्याभूत गर्नका लागि अवलम्बन गरिने प्रक्रिया, संयन्त्र र पद्धति।
- पीडितको गिरफ्तारी र ऊमाथि हुने कानुनी कारबाहीका सन्दर्भमा लागू हुने अध्यागमन कानुनको विरुद्धको बचाऊ।

दिग्दर्शनमा पीडित तथा जीवितहरूका दृष्टिकोणबाट विश्लेषण गरिएको एउटा पूर्ण बहाव तालिका रहेको छ। चार चरणमा रहेको उक्त बहाव तालिकाले ओसारपसार र बेचबिखनमा परेका मानिसहरू फिर्ता ल्याउनेदेखि लिएर उनीहरूको अन्तिम समाहितीकरणसम्मका क्रियाकलापहरूको पुनरावलोकन गर्छ। यसले सरोकारवालाहरूका कारबाहीका साथै आवश्यक रणनीतिक क्रियाकलापहरूलाई सूचिकृत गर्छ। यस सन्दर्भमा सरोकारवालाहरूका कारबाहीहरूलाई ओसारपसार र बेचबिखनमा परेका मानिसहरूको अधिकार तथा आवश्यकताअनुसार विश्लेषण गर्न सकिनेछ।

***दिग्दर्शनमा पीडित तथा जीवितहरूका दृष्टिकोणबाट विश्लेषण गरिएको एउटा पूर्ण बहाव तालिका रहन्छ। चार चरणमा रहेको उक्त बहाव तालिकाले ओसारपसार र बेचबिखनमा परेका मानिसहरू फिर्ता ल्याउनेदेखि लिएर उनीहरूको अन्तिम समाहितीकरणसम्मका क्रियाकलापहरूको पुनरावलोकन गर्छ।***

विशेषगरी विषयवस्तुको सन्दर्भमा, दिग्दर्शनले ओसारपसार र बेचबिखनमा परेका मानिसहरू र त्यस्ता अपराधमा आरोपितहरूमाथि फौजदारी कारबाही अवलम्बनका क्रममा गरिने व्यवहारमा एकरूपता प्राप्त गर्ने लक्ष्यमा जोड दिन्छ। दिग्दर्शनले भारत, बंगलादेश र नेपालमा फौजदारी कारबाहीभित्र व्यवहारको न्यूनतम् मापदण्ड निर्धारण गर्छ। यसले फौजदारी न्यायमा जोड दिएको छ किनभने सबै दृष्टिकोणबाट कानुन लागू गराउने निकायहरूको संलग्नता महत्त्वपूर्ण रहेको छ। जस्तो कि अपराधको रोकथाम गर्ने, अपराधीलाई सजाय गर्ने र पीडितको अधिकारको संरक्षण गर्ने।

दिग्दर्शनको महत्त्व यी ३ देशहरूमा फौजदारी कारबाहीलाई तार्किक बनाउन र ओसारपसार र बेचबिखनमा परेकाहरूमाथि मानवीय व्यवहारका लागि मापदण्ड स्थापना गर्नुमा रहेको छ। यी ३ देशहरूमा फौजदारी कानुन र फौजदारी कार्यविधि प्रणाली एकरूप नरहेको अवस्थामा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मापदण्डहरूको अवलम्बनले फौजदारी कार्यविधिका निकायहरूको समरूपीकरण र तार्किकीकरण सम्भव हुन्छ।

यसभन्दा बढी यो दिग्दर्शन सबै सरोकारवालाहरूका लागि एउटा मापदण्ड बोकेको सन्दर्भ-सामग्री बनेको छ। यसमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कानुनी सूचना, नजिरहरू, कानुनी रूपरेखा, भएका कार्यविधि कानुनहरू र मानव ओसारपसार र बेचबिखन रोकथाम र उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरू समावेश गरिएको छ।

## यो दिग्दर्शन कसले प्रयोग गर्छ ?

यो क्षेत्रीय दिग्दर्शन देहायका सरोकारवालाहरूले प्रयोग गर्ने आशा लिइएको छ ।

**प्रहरी अधिकृतहरू (अपराध अनुसन्धानकर्ताहरू)**

पीडित वा प्रभावित व्यक्तिहरूबाट जाहेरी लिँदा प्रभावितहरूलाई उद्धार गर्दा, आरोपितहरूलाई पक्राउ गर्दा र थुनामा राख्दा, ओसारपसार र बेचबिखनमा परेकाहरूलाई फिर्ता पठाउँदा र अपराध अनुसन्धान गर्दा । यस दिग्दर्शनले तोकेको मापदण्डमा आधारित भई प्रहरीले ओसारपसार र बेचबिखनमा परेकाहरू र उक्त अपराधमा आरोपितहरूमाथि गर्ने व्यवहारको अनुगमन र मूल्याङ्कन गर्न सकिनेछ ।

**अभियोजनकर्ताहरू**

जसको कार्य प्रमाणको मूल्याङ्कन गर्नु, आरोपितमाथि कसुर लगाउनु र ओसारपसार र बेचबिखनमा परेकाहरूको फौजदारी कारबाहीमाथि पहुँच पुऱ्याउनु हुनेछ । उदाहरणको लागि ओसारपसार र बेचबिखनमा परेका व्यक्तिहरूलाई पीडकको विरुद्ध स्वच्छ र निष्पक्ष कानुनी कारबाही र सजायको मागदावी गर्न र अभियोजनको क्रममा न्यायमाथिको पहुँचको दृष्टिकोणबाट कानुन व्यवसायीको प्रतिनिधित्वलाई प्रमुख अधिकारको रूपमा संरक्षण गर्न सघाउ पुऱ्याउनु । फलतः ओसारपसार र बेचबिखनमा परेका व्यक्तिहरू र आरोपित व्यक्तिहरूमाथि अभियोजनकर्ताहरूको अनुगमन र मूल्याङ्कन यसै दिग्दर्शनको सहायताले गर्न सकिनेछ ।

**अदालत/न्याय अधिकृतहरू**

ओसारपसार र बेचबिखनमा परेकाहरूको न्यायमाथिको पहुँच प्रत्याभूत गर्न पुर्पक्षको अनुगमन र मूल्याङ्कन गर्न ।

**HRDS/ATU सदस्यहरू**

विभिन्न पृष्ठभूमि तथा पेशाबाट आएकाहरू जस्तै प्रहरी, समुदायमा आधारित सङ्घसंस्थाहरू, गैरसरकारी सङ्घ संस्थाहरू आदिका प्रतिनिधिहरू तथा पत्रकार, अभियोजनकर्ता, बचाउ वकिल, अधिकारकर्मीहरू, पारालिगल आदिका प्रतिनिधिहरूले यो दिग्दर्शनलाई अधिकारमा आधारित उपायको तालिम सामग्रीको रूपमा प्रयोग गर्न सक्छन् ।

**साल्स फोरमको केन्द्रीय समितिका विशेषज्ञहरू**

साल्स फोरमको केन्द्रीय समितिका विशेषज्ञहरू जस्तै प्राध्यापकहरू, परियोजना कर्मचारी, कानुनका वरिष्ठ विद्यार्थीहरूले "प्रशिक्षकहरूकालागि प्रशिक्षण" लिइसकेपछि सम्बन्धित सरोकारवालाहरू, विभिन्न कानुन पालन गराउने अधिकारीहरू, पारालिगल सदस्यहरू, HRDS सदस्यहरू, समुदायका सदस्यहरू, कानुनदेखि बाहेकका विद्यार्थीहरूलाई प्रशिक्षण दिन यो दिग्दर्शन प्रयोग गर्न सक्नेछन् ।

## दिग्दर्शनको प्रयोग

यो दिग्दर्शन देहायका ३ तरिकाबाट प्रयोग गर्न सकिन्छ ।

### १ साझा मापदण्डहरू :

प्रमुख सरोकारवालाहरूका विशेष गरी कानुन लागू गर्ने निकायहरूका भूमिका तथा कर्तव्यहरूको अनुगमन तथा मूल्याङ्कनका लागि आधार । यी साझा मापदण्डहरूले जाहेरी प्राप्त गरेपछि, ओसारपसार र बेचबिखनमा परेका व्यक्तिहरूको उद्धारपछि, आरोपितको गिरफ्तारी र थुनछेकपछि, अपराध अनुसन्धान, पीडितको संरक्षण र फिर्तापछिका कारबाहीहरूको मूल्याङ्कनका लागि ठोस परिसूचक प्रदान गर्छन् ।

### २ सन्दर्भ सामग्रीहरू :

यसले बेचबिखन तथा ओसारपसारको विरुद्ध कारबाही तथा त्यस्ता पीडितहरूको मानवअधिकार संरक्षणका लागि अधिकारमा आधारित उपायको तालिम विभिन्न सरोकारवालाहरूलाई प्रदान गर्न आधारभूत निर्देशिका वा सिद्धान्त प्रदान गर्छ ।

### ३ विषयवस्तुगत सामग्री :

कानुनका विद्यार्थीहरूका लागि विश्वविद्यालय शिक्षामा विषयवस्तुगत सामग्री । यस दिग्दर्शनले निर्धारण गरेको साझा मापदण्डहरूलाई यस क्षेत्रका विश्वविद्यालयले ओसारपसार र बेचबिखनमा परेकाहरूको मानवअधिकार संरक्षणका लागि र कानुन लागू गर्ने निकायहरूका कर्तव्यहरूका लागि आधारभूत सिद्धान्तका रूपमा प्रयोग गर्न सक्छन् ।

परिच्छेद - १

# मानव बेचबिखन तथा ओसारपसारको अर्थ र परिभाषा

## १.१. परिचय

मानव बेचबिखन तथा ओसारपसार गम्भीर अपराध हो र आधारभूत मानवअधिकारको उल्लङ्घन हो। मानव बेचबिखन तथा ओसारपसार दासता हो चाहे त्यो ऋण तिर्न नसकेको कारण दास हुनुपरेको होस् या बँधुवा मजदुर बन्न बाध्य पारिएको अवस्था होस्। मानव बेचबिखन तथा ओसारपसारका कारण देहायका अवस्थाहरू सृजना हुन्छन्।

(क) मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरू आफ्ना परिवारजन वा कानुनी अविभावकबाट बिछोडिन्छन्। जुनसुकै उद्देश्यले गरेको भए तापनि यो स्थिति सबै प्रकारका मानव बेचबिखन तथा ओसारपसारमा अवस्थित रहन्छ।

(ख) मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरू, रोजगारदाता वा उपयोगकर्ताहरूको लाभको लागि श्रमशोषण जसबाट पीडितलाई सीमित लाभ हुने वा कुनै पनि फाइदा नहुने अवस्था।

(ग) पीडितको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको व्यापक उल्लङ्घन।

(घ) मानव बेचबिखन तथा ओसारपसारमा परेको व्यक्तिलाई एकलासमा राख्नु उसलाई स्वतन्त्रतापूर्वक हिँडडुल गर्न प्रतिबन्ध (यात्राका लागि आवश्यक कागजातहरूको जफत) लगाउनु र सार्वजनिक जीवन र सहभागितामा रोक लगाउनु।



(ङ) यौनशोषणका साथै यौन सेवा वापत उपलब्ध पारिश्रमिकमाथि शोषण ।

(च) अङ्ग प्रत्यारोपणको उद्देश्यले गरिने मानव बेचबिखन तथा ओसारपसारमा अङ्गहरू प्राप्त गरी उपयोगकर्ताको लाभका लागि बिक्री गरिन्छ जुन जीवन र व्यक्तिमाथिको हस्तक्षप हो ।

(छ) मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई यौन तथा श्रमशोषणका क्रममा यातना दिने तथा दुर्व्यवहार गरिन्छ ।

(ज) सर्कस र उँट दौडका लागि मुख्यतयाः बालबालिकाहरूको ओसारपसार गरिन्छ । यस्ता बालबालिकाहरूको शिक्षा तथा विकासमाथिको अधिकार हनन् हुन्छ ।

मानव बेचबिखन तथा ओसारपसारका यस प्रकारका चरित्रहरूले के प्रश्न उठाएको छ भने पीडितहरू दास बनाइएका हुन्छन् । समसामयिक मानवअधिकार कानुनले दासतालाई अत्यन्त गम्भीर भनी परिभाषित गरेको छ । परम्परागत रूपमा राज्यका निकायहरूले मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित अपराधका यी चरित्रहरूलाई गम्भीरतापूर्वक लिइएको पाइएको छैन । उनीहरू मानव बेचबिखन तथा ओसारपसारलाई राज्यविरुद्धको अपराध मान्छन् तर यसलाई मानव स्वतन्त्रता र आत्मसम्मान विरुद्धको अपराध मान्न तयार छैनन् । देहायका कारणहरूले न्यायको यो उक्तिको उत्पत्तिका लागि योगदान पुऱ्याएका छन् ।

(क) गल्तीपूर्ण तवरले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधलाई वेश्यावृत्ति जस्तो कथित अनैतिक व्यवहारसँग जोडिएको छ । त्यसकारण कानुन लागू गर्ने निकायहरू मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूलाई खाली कानुनी व्यवस्था र शान्ति सुरक्षासँग सम्बन्धित मुद्दाको रूपमा लिन बाध्य छन् । यस पक्षले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी समस्याको मानवअधिकार आयामलाई बेवास्ता गरेको छ ।

(ख) फौजदारी न्यायको दृष्टिकोणले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कार्यलाई कानुनी व्यवस्था विरुद्धको अपराधको रूपमा चित्रण गरिएको छ । फलतः कानुन लागू गर्ने निकायहरूले यसलाई कथित सामाजिक शत्रुको रूपमा लिएको पाइन्छ न कि कसैको मानव सम्मानको उल्लङ्घन । फलतः अपराधीलाई सजाय गर्नु राज्यको फौजदारी न्याय व्यवस्थाको एकलौटी सरोकारको विषय बनेको छ जसले पीडित शास्त्रीय अध्ययन वा अपराधको पुनर्स्थापनात्मक दृष्टिकोणलाई पूर्ण रूपमा बेवास्ता गरिएको छ ।

यी कारणहरूले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधको पीडितमुखी परिभाषाको विकास गर्न बाधा पुऱ्याएको छ । पीडितको अधिकारको उल्लङ्घन र ऊमाथिको शारिरिक तथा मानसिक असरलाई खासै ध्यान दिइएको पाइँदैन ।

मानव बेचबिखन तथा ओसारपसारलाई पीडितको शारिरिक तथा मानसिक सम्पूर्णता विरुद्धको क्रूर अपराध हो भन्ने रूपमा परिभाषित गरी नयाँ आयाम दिन यसलाई दासताको रूपमा पहिचान गरी प्रतिबन्ध लगाउनु जरुरी छ । तथापि यस दिशामा राज्यको प्रयास खासै सन्तोषजनक छैन । उदाहरणका लागि भारत, बंगलादेश र नेपाल जस्ता देशहरूमा मानव बेचबिखन तथा ओसारपसारका अपराधलाई गरिबी र उच्च बसाइँ सराइको परिणामको रूपमा लिइन्छ । पीडित र पीडकको विगत र वर्तमान अवस्था (मानवअधिकारको वास्तविक र सम्भाव्य उल्लङ्घन) लाई उक्त अपराधको महत्त्वपूर्ण तत्त्वको रूपमा लिइँदैन । त्यसैले कानुन र अन्य साधनहरू पीडितको मानवअधिकार संरक्षण गर्ने र कल्याण प्रवर्द्धन गर्ने दिशातिर सामान्यतयाः निर्देशित भएको पाइन्न ।

## १.२. मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

### १.२.१. मानव बेचबिखन तथा ओसारपसारको विश्वव्यापी परिभाषाका लागि सामान्यतया ग्रहणयोग्य आधारहरू

विभिन्न देशहरूका घरेलु कानुनहरूमा मानव बेचबिखन तथा ओसारपसारलाई भिन्न भिन्न तवरले परिभाषित गरिएको पाइन्छ। मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य अनुसार परिभाषा पनि फरक रहेको पाइन्छ। तर सबै परिभाषाहरूमा पीडितको हित तथा अधिकारको उल्लङ्घन प्रमुख तत्वको रूपमा रहेको छ। जसले विश्वव्यापी परिभाषाका लागि विश्वासिलो आधार तयार पार्दछ :

(क) मानव बेचबिखन तथा ओसारपसार दासताको अवस्था हो।

(ख) सबै प्रकारका मानव बेचबिखन तथा ओसारपसारमा आधारभूत मानवअधिकारको उल्लङ्घन व्यापक साझा तत्वको रूपमा समाविष्ट भेटिन्छ।

(ग) मानव बेचबिखन तथा ओसारपसारमा पीडितको सहमति कहिल्यै रहँदैन।

(घ) मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरू सदा शोषित हुन्छन्।

(ङ) मानव बेचबिखन तथा ओसारपसार कुनै पनि समाजमा ग्रहणीय छैन।

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी यी साझा चरित्रहरूले यससम्बन्धी सामान्यतया ग्रहणीय परिभाषाका लागि एउटा मिलनविन्दु उपलब्ध गराउँदछ। तिनीहरूले मानव बेचबिखन तथा ओसारपसारलाई त्यस्तै प्रकारका अन्य कार्यहरू जस्तै असङ्गठित बसाइँ सराइ मानव तस्करी आदिबाट पृथक राख्ने आधारहरू उपलब्ध गराउँछन्।




### १.२.२ मानव बेचबिखन तथा ओसारपसारको विश्वव्यापी अवधारणा निर्माणका लागि अप्ठेरो पार्ने कारक तत्वहरू

राज्यका निकायका साथै मानव बेचबिखन तथा ओसारपसारको क्षेत्रमा काम गर्ने अन्य सङ्गठनहरूले समेत मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कार्यलाई नैतिकतासँग जोडेर कानुन तथा व्यवस्थाको उल्लङ्घनको रूपमा परिभाषित गरेको पाइन्छ। कानुनशास्त्रको यो परम्परागत मतले मानव बेचबिखन तथा ओसारपसारलाई अझै पनि व्यवसायिक यौनशोषणसँग मात्र सम्बन्धित मुद्दाको रूपमा ग्रहण गरी पीडितको अवाश्यकतालाई बेवास्ता गरेको छ।

मानव ओसारपसार बेचबिखनको उद्देश्य यौन सेवासँग मात्र सम्बन्धित छैन। घरेलु कानुनहरूले प्रायजसो मानव बेचबिखन तथा ओसारपसारलाई समाज विरुद्धको अपराधको रूपमा वा सार्वजनिक शान्ति सुरक्षा विरुद्धको कार्यको रूपमा परिभाषित गरेका छन्। भारत, बंगलादेश र नेपालका कानुनी प्रावधानको अध्ययन गर्दा यो तथ्य उजागर भएको छ। यी देशहरूका कानुनहरूमा मानव बेचबिखन तथा ओसारपसारलाई गैरकानुनी लाभको



लागि मानव शरीरमाथिको व्यापारसँग जोडिएको छ । जस्तो मानव ओसारपसार तथा बेचबिखन, जुन फौजदारी कानुनको सरोकारको विषय हो, लाई सार्वजनिक नैतिकताको प्रश्नसँग गाँसिएको छ । यी देशहरूका कानुनहरूमा गरिएको देहायका परिभाषाहरूले उक्त भनाइलाई प्रमाणित गर्छन् ।

**बंगलादेश** : अनैतिक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी ऐन, १९३३ (The Suppression of Immoral Traffic Act, 1933) पहिलो कानुन हो जसले महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार अन्त्य गरी वेश्यालयलाई नियन्त्रण गर्ने उद्देश्य लिएको छ । सन् २००० मा "महिला तथा बालबालिकामाथिको उत्पीडन विरुद्धको ऐन पारित गरियो । उक्त ऐनको दफा ५ र ६ ले अनैतिक उद्देश्यका लागि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारसित सरोकार राख्दछ । ऐनको मुख्य उद्देश्य सामाजिक नैतिकताको संरक्षण वा बचाउको लागि वेश्यावृत्ति नियन्त्रण गर्नु रहेको छ ।

**भारत** : सन् १९८६ मा महिला तथा बालिकाको अनैतिक बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, १९५६ (The Suppression of Immoral Traffic in Women & Girls Act 1956) लाई संशोधन गरी यसको नाम अनैतिक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, १९५६ [The Immoral Traffic (Prevention) Act, 1956] राखियो । यो ऐन संविधानको धारा ३५ बमोजिम महिला तथा बालिकाको बेचबिखन तथा ओसारपसार निर्मूल पार्ने वा रोक्ने उद्देश्यले बनाइएको थियो । ऐनका मुख्य उद्देश्य शोषित महिला तथा बालिकाको उद्धार गर्नु थियो ।

**नेपाल** : नेपालको पहिलो मानव बेचबखिन तथा ओसारपसारसम्बन्धी ऐनमा बंगलादेश र भारतका ऐनमा झै व्यवस्था थियो । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ ले पीडितको पुर्नस्थापना र संरक्षण गर्ने स्पष्ट उद्देश्य राखेको छ । तर सरकारी मुद्दासम्बन्धी ऐन २०४९ (प्रस्तावना), प्रहरी ऐन, २०१३ (प्रस्तावना) तथा मुलुकी ऐन, जसले कार्यविधि कानुनको ठूलो हिस्सा ओगट्छ, आदिले पुर्नस्थापना न्यायसँग बेमेल राख्छन् ।

कानुनका यी विषयवस्तुले प्रारम्भदेखि पल्लवित सामाजिक मूल्य तथा नैतिकताको प्रवर्द्धनका लागि कानुनको पालनाको माग गर्छन् । पीडितमाथि हुने अन्यायप्रति यिनीहरूको ध्यान धेरै कम जान्छ । कानुनका अक्षरहरूबाट उल्लेखित कुनै पनि देशका कानुनले पीडितको मानवअधिकारमा जोड नदिएको कुरा स्पष्ट हुन्छ ।

कहिलेकाहीँ असङ्गठित बसाइँ सराइ र मानव बेचबिखन तथा ओसारपसारबीच खासै भिन्नता देखिँदैन जसले मानव बेचबिखन तथा ओसारपसारको अवधारणा स्पष्ट हुने गरी परिभाषा गर्न गाह्रो भएको छ । यसले एक प्रकारको भ्रम पनि सिर्जना गरेको छ । यस परिप्रेक्ष्यमा मानव बेचबिखन तथा ओसारपसारको परिभाषासम्बन्धी गलत अवधारणाको अन्त्य गर्न देहायका समस्या, तथ्य तथा विषयवस्तुहरू बुझ्नु जरुरी छ ।

क) सरकारी निकायहरूले मानव बेचबिखन तथा ओसारपसारलाई मानवअधिकारको दृष्टिकोणबाट हेर्न सकेका छैनन् । कानुन लागू गर्ने निकायहरूको यस प्रकारको व्यवहारले मानवअधिकारवादीहरू तथा कानुन व्यवसायीहरूलाई पीडितशास्त्र वा पुनर्स्थापनाको दृष्टिकोणबाट मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधमा कारबाही गर्न गाह्रो बनाएको छ ।

ख) केही समाजहरूमा मानव बेचबिखन तथा ओसारपसारलाई वेश्यावृत्तिको साधनको रूपमा घृणा गरिन्छ । यसो गर्दा उनीहरू मानव बेचबिखन तथा ओसारपसार अवैध उद्देश्यले मानिसको अनैच्छिक ओसारपसार हो भन्ने कुरा बिर्सन्छन् । ती समाजहरू जसले मानव बेचबिखन तथा ओसारपसार र वेश्यावृत्तिबीच भ्रम सृजना गर्ने गर्छन्, वेश्यावृत्तिलाई नैतिकताको दृष्टिकोणले हेर्दछन् । यसप्रकारको अवधारणाले बंगलादेश, भारत र नेपालको फौजदारी न्याय प्रणालीमा वर्चस्व कायम राखेको छ । फौजदारी न्याय प्रणालीको यस अवधारणाले पीडितहरूमाथि नकारात्मक असर पार्दछ ।

प्रथमतः मानव बेचबिखन तथा ओसारपसार अपराधलाई राज्य विरुद्धको अपराधको रूपमा हेरिन्छ । जसले गर्दा कानुन लागू गर्ने निकायहरूको सरोकार अपराधीलाई सजाय गर्ने कुरामा मात्र सीमित रहन्छ । पीडितलाई क्षतिपूर्ति दिनुपर्नेतिर उनीहरूको ध्यान जाँदैन ।

दोस्रो कुरा, पीडित पनि अभियोजनको अङ्ग हो भन्ने कुरा मानिंदैन । अभियोजनकर्ताले पीडितको हित वा सरोकारमाथि विचार गर्दैनन् । यस प्रकारको व्यवहार ३ वटै देशहरूमा विद्यमान रहेको छ ।

यी दुई कारक तत्त्वहरूले भारत, बंगलादेश र नेपालमा फौजदारी न्यायको अधिकारमा आधारित अवधारणाको कार्यान्वयनमा बाधा पुऱ्याएको देखिन्छ । त्यसैले फौजदारी न्याय प्रणालीमा मानवअधिकारको अवधारणा लागू गर्नका लागि आवश्यक हस्तक्षेप गर्नु जरुरी भएको छ ।

ग) सामाजिक व्यवस्थामाथि पितृसत्तात्मक नियन्त्रणले पनि महिलालाई उपभोग्य वस्तुको रूपमा अघि सारेको छ र मानव बेचबिखन तथा ओसारपसारलाई यौन बजारमा सेवा प्रवाह गर्ने स्वभाविक साधनको रूपमा लिइएको छ । यस प्रकारको चिन्तनले वेश्यावृत्तिलाई कानुनी मान्यता दिनुपर्छ भन्ने पक्षधरहरूलाई बल पुऱ्याएको छ । वेश्यावृत्तिको वैधानिक मान्यताले महिला तथा बालबालिकामाथिको हिंसा त कम गर्ला तर यसले मानव बेचबिखन तथा ओसारपसारलाई अझ बढी प्रश्रय दिन्छ । यस प्रकारको अवधारणाले मानवअधिकारको आयामबाट पीडितको हित संरक्षण गर्नुपर्ने पक्षलाई पनि ओझेलमा पार्दछ । यसले सहमतिको दासतालाई न्यायोचित ठहऱ्याउन सकिन्न भन्ने सिद्धान्तलाई आत्मसात गर्न अप्ठ्यारो पार्छ ।

घ) मानव बेचबिखन तथा ओसारपसार तर्फ लागूऔषध बेचबिखन तथा ओसारपसार र आतङ्कवाद जस्ता धेरै मुद्दाहरूको दाँजोमा कम ध्यान गएको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसारलाई शासन व्यवस्था भन्दा पनि सामाजिक अव्यवस्थासँग सम्बन्धित समस्याको रूपमा लिइएको स्पष्ट छ । यस प्रकारको चिन्तनले शासन व्यवस्थालाई

पीडितको मानवअधिकारको गम्भीर उल्लङ्घन हुने मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधको विरुद्धको अभियानमा प्रभावकारी रूपमा लाग्नुपर्ने कर्तव्यबाट उन्मुक्ति प्रदान गरेको छ ।

ङ) फरक उद्देश्यका लागि हुने मानव बेचबिखन तथा ओसारपसारले पनि यस अपराधको प्रकृतिको विश्वव्यापी अवधारणा तय गर्न गाह्रो भएको छ ।

च) पीडितहरूले भोग्ने परिणाम र त्यसका प्रभावको आँकलनविना मानव बेचबिखन तथा ओसारपसारको परिभाषा गर्ने कोशिस व्यर्थको प्रयास हुनेछ । फौजदारी कानुनशास्त्रको गहन सिद्धान्तले अवैधानिक कार्यबाट आउने परिणाम पनि अवैधानिक हुने कुरामा जोड दिन्छ र त्यस्ता अवैधानिक कार्यबाट सिर्जित परिणाम कहिल्यै न्यायोचित हुन सक्दैन । त्यसकारण मानव बेचबिखन तथा ओसारपसार जस्तो कार्यलाई यसको परिणामबाट अलग्याएर परिमार्जित गर्नु अस्वीकार्य हुनेछ । यस अवधारणालाई मानव बेचबिखन तथा ओसारपसारको विरुद्ध लाग्ने सम्पूर्ण नागरिक समाजले बेवास्ता गरेको पाइएको छ ।

***पीडितहरूले भोग्ने परिणाम र त्यसका प्रभावको आंकलन विना मानव बेचबिखन तथा ओसारपसारको परिभाषा गर्ने कोशिस व्यर्थको प्रयास हुनेछ ।***

छ) कानुन लागू गर्ने निकाय, नागरिक समाज र अन्य सङ्घसंस्थाहरूले मानव बेचबिखन तथा ओसारपसारको अवधारणा निर्माण गर्ने क्रममा यसका देहायका चरित्रहरूलाई बेवास्ता गर्ने प्रचलन बढ्दो छ । यस कुरालाई पन्छाउन देहायका चरित्रहरूलाई ध्यानमा राख्नु जरुरी छ ।

- मानव बेचबिखन तथा ओसारपसारको कार्य अनैच्छिक र शोषणपूर्ण हुन्छ ।
- मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्य मानव बेचबिखन तथा ओसारपसार मा संलग्न व्यक्तिहरूको मस्तिष्कमा अपराध (आपराधिक सोच वा नियतको अवधारणा) को रूपमा उत्पन्न हुन्छ र पीडितको मानव भएकै कारण प्राप्त अन्तर्निहित स्वतन्त्रताको हनन् गरी अन्त हुन्छ ।
- बेचबिखन तथा ओसारपसारमा परेकाहरू आफूले भोग्नु पर्ने जीवनप्रति अनभिज्ञ हुन्छन् ।
- बेचबिखन तथा ओसारपसारमा परेकाहरूलाई बल प्रयोग गरी वा त्रासमा पारी मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूको माग पूरा गर्न बाध्य पारिन्छ ।
- पीडितलाई सांस्कृतिक, भाषिक रूपमा एक्ल्याई शारीरिक चुनौतिपूर्ण वातावरणमा राखिन्छ र कानुनी पहिचान र न्यायमाथिको पहुँचबाट टाढा पुऱ्याइन्छ ।

यी परिणाम तथा असरहरूले बेचबिखन तथा ओसारपसारमा परेकाहरूको मानवअधिकार हनन्लाई स्पष्ट रूपमा सूचित गर्छन् । मानव बेचबिखन तथा ओसारपसारको विरुद्ध अधिकारमा

आधारित उपायको अवलम्बन गर्दा यस कुरामा ध्यान पुऱ्याउनु जरुरी छ। यसले गर्दा मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरूका बारेमा अनेकौं गलत अवधारणाको अन्त गर्न सघाउ पुग्नेछ।

### १.२.३. संयुक्त राष्ट्रसङ्घले गरेको मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

संयुक्त राष्ट्रसङ्घले सन् २००२ मा मानव बेचबिखन तथा ओसारपसार र मानवअधिकारसम्बन्धी निर्देशिका तथा सिद्धान्त, २००२ प्रस्ताव गऱ्यो। उक्त निर्देशिका तथा सिद्धान्तले मानव बेचबिखन तथा ओसारपसारको विरुद्धको युद्धमा मानवअधिकारलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिन्छ। यसको धारा ११ ले पीडितलाई राहत दिन अर्थात उसलाई सम्बोधन गर्न र उसको संरक्षण गर्न अपनाउने सम्पूर्ण प्रयासहरूमा मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरूको अधिकारलाई केन्द्रमा राख्नुपर्ने तथ्यमा जोड दिन्छ। त्यसकारण मानव बेचबिखन तथा ओसारपसारको परिभाषा बेचबिखन तथा ओसारपसारमा परेकाहरूको मानवअधिकार हनन् हुनसक्ने जोखिम बिन्दुबाट सुरु हुनुपर्छ। यसले पीडितको हित तथा अधिकारलाई बेवास्ता गर्ने फौजदारी न्यायप्रणालीको परम्परागत अवधारणाको अन्त्यको माग गर्छ।

***मानव बेचबिखन तथा ओसारपसारको परिभाषा बेचबिखन तथा ओसारपसारमा परेकाहरूको मानवअधिकार हनन् हुनसक्ने जोखिम बिन्दुबाट सुरु हुनुपर्छ।***

### १.२.४. संयुक्त राष्ट्रसङ्घीय उपाय र दक्षिण एसियाली अवस्था

मानव बेचबिखन तथा ओसारपसारका विरुद्धका दक्षिण एसियाली कानुनहरूमा संयुक्त राष्ट्रसङ्घीय निर्देशिका तथा सिद्धान्तमा समाविष्ट महत्त्वपूर्ण तत्त्वहरूको अभाव रहेको छ। ती कानुनहरूको पीडितको जोखिमप्रति ध्यान पुग्न सकेको छैन भने तिनीहरूले मानव बेचबिखन तथा ओसारपसारको परिभाषामा मानवअधिकारलाई प्रमुख तत्त्वको रूपमा ग्रहण गरेका पनि छैनन्। संयुक्त राष्ट्रसङ्घीय निर्देशिकाले पीडितको संरक्षण, उसलाई सहायता वा उसका समस्याहरूको सम्बोधनलाई प्रमुख उद्देश्यको रूपमा लिएको छ। तर दक्षिण एसियाली कानुनहरूमा यसभन्दा भिन्न उद्देश्य रहेको भेटिन्छ। यी कानुनहरूका प्रमुख उल्लेखनीय उद्देश्य सामाजिक शान्ति सुव्यवस्था खलल पार्ने अपराधीलाई सजाय गर्नु रहेको छ। मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानुनी अवधारणा यस प्रकारको सजायमा आधारित परम्परागत अवधारणाबाट टाढा हुनु जरुरी छ।

### १.२.५. परम्परागत अन्तर्राष्ट्रिय कानुनको दृष्टिमा मानव बेचबिखन तथा ओसारपसार

दोस्रो विश्वयुद्धभन्दा अगाडि ग्रहण गरिएका मानव बेचबिखन तथा ओसारपसार विरुद्धका चारवटा अन्तर्राष्ट्रिय सन्धिहरूले पनि मानव बेचबिखन तथा ओसारपसारको परिभाषा गर्न सकेका थिएनन्। गोरा दास बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सम्झौता (The International Agreement for the Suppression of White Slave Traffic), १९०४ महिला तथा बालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको पहिलो अन्तर्राष्ट्रिय

दस्तावेज थियो । यस सन्धिको उद्देश्य अनैतिक उद्देश्य अर्थात्, वेश्यावृत्तिका लागि महिला तथा बालिकाको दुर्व्यवहारसहितको बलपूर्वक गरिने ओसारपसार विरुद्ध सङ्घर्ष गर्ने थियो । त्यसकारण महिला तथा बालिकालाई बलपूर्वक बेचबिखन तथा ओसारपसारमा पारी वेश्यावृत्ति गर्न लगाउने कार्य स्वीकार्य थिएन । पक्ष राष्ट्रहरूलाई दायित्त्वबोध गराउन असफल भएकोले पीडकलाई सजाय गर्न उक्त सन्धिको भूमिका न्यून रह्यो ।

सन् १९१० मा माथि उल्लेखित सन्धिको कमजोरीलाई सम्बोधन गर्न गोरा दास बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Suppression of the White Slave Traffic) ग्रहण गरियो । यस महासन्धिका दुईवटा प्रमुख चरित्रहरू थिए । पहिलो, यसले पक्ष राष्ट्रलाई मानव बेचबिखन तथा ओसारपसारका अपराधीलाई सजाय गर्न बाध्य पार्‍यो र दोस्रो, यसले सीमित रूपमा भए पनि राष्ट्रिय सीमाभित्र हुने बेचबिखन तथा ओसारपसारलाई पनि नियन्त्रण गर्ने लक्ष्य राख्यो ।

सन् १९२१ मा महिला तथा बालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Suppression of the Traffic in Women & Children, 1921) ग्रहण गरियो । यसले महिला, बालिका तथा केटाहरू समेत मानव बेचबिखन तथा ओसारपसारको शिकार हुन सक्ने कुरालाई स्वीकार गर्‍यो । तथापि यसले बलपूर्वक भर्तीको अवधारणाभन्दा टाढा गएर समस्याको सम्बोधन गर्न सकेन । यस समस्यालाई पूर्ण बयस्क महिलाहरूको ओसरपसार तथा बेचबिखनसम्बन्धी महासन्धि (International Convention for the Suppression of Traffic in Women of Full Age), १९३३ ले मात्र सम्बोधन गर्‍यो । मानव बेचबिखन तथा ओसारपसार बाध्यात्मक परिस्थितिको उपज हो भन्ने कुरालाई स्वीकारी सो महासन्धि उक्त कार्यलाई परम्परागत अवधारणाबाट मुक्त गर्ने एक कोशेढुङ्गो साबित भयो । उक्त महासन्धिले त्यस्ता पीडितलाई पनि मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र ल्याइदियो जो आफ्नै इच्छाले आफ्नो देशको सीमापारी पुर्‍याइन्थे । तथापि आफ्नै देशभित्र गरिने ऐच्छिक भर्तीलाई यसले समेट्न सकेन । परम्परागत अन्तर्राष्ट्रिय कानुनमा बेचबिखन तथा ओसारपसारमा परेकाहरूका मानवअधिकारको संरक्षण सम्बन्धमा देहायका कमजोरीहरू रहेका थिए :

***मानव बेचबिखन तथा ओसारपसार बाध्यात्मक परिस्थितिको उपज हो भन्ने कुरालाई स्वीकारी सो महासन्धि उक्त कार्यलाई परम्परागत अवधारणाबाट मुक्त गर्ने एक कोशेढुङ्गो साबित भयो ।***

क) यो वेश्यावृत्तिको अवधारणाभन्दा टाढा पुग्न सकेन । अर्को शब्दमा भन्ने हो भने यसले मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई वेश्यावृत्तिसित जोडेर हेर्‍यो ।

ख) महिला तथा बालिकाहरूको बेचबिखन तथा ओसारपसारलाई मात्र जोड दियो ।

ग) बलपूर्वक भर्तीको विषयलाई मात्र खुलेर जोड दियो ।

घ) अन्तर्राष्ट्रिय सीमा नाघेर हुने बेचबिखन तथा ओसारपसारलाई मात्र जोड दिएकाले आन्तरिक बेचबिखन तथा ओसारपसार ओझेलमा पाऱ्यो ।

समग्रमा भन्नुपर्दा यी तत्त्वहरूले मानव बेचबिखन तथा ओसारपसार आधारभूत मानवअधिकारको हनन् हो भन्ने अवधारणाको द्रूत विकासमा बाधा पुऱ्यायो ।

### १.२.६. आधुनिक अन्तर्राष्ट्रिय कानुनमा मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण र वेश्यावृत्ति तथा अन्य शोषणको अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (Convention for the Suppression of the Traffic in Persons and of the Exploitation of the Prostitution of Others), १९४९ ले माथि उल्लेखित ४ वटा सन्धिहरूलाई एकीकृत गरी एउटै बनायो । संयुक्त राष्ट्रसङ्घ को स्थापनाले उक्त महासन्धि लागू गर्नका लागि एउटा आशालाग्दो अवस्थाको सृजना भयो । यस महासन्धिले मानव बेचबिखन तथा ओसारपसार, चाहे त्यो ऐच्छिक होस् या त्यसको गन्तव्य जहाँसुकै होस्, लाई सजायको भागीदार बनायो । राष्ट्रिय सीमाभित्रको मानव बेचबिखन तथा ओसारपसारलाई पनि यसले आफ्नो परिभाषाभित्र समेट्यो ।

***महिलाको बेचबिखन तथा ओसारपसारमा रोक लगाएर यस महासन्धिले पनि वेश्यावृत्तिलाई नै मानव बेचबिखन तथा ओसारपसार बढाउने प्रमुख कारकतत्त्वको रुपमा पहिचान गरेको छ ।***

तथापि सन् १९४९ को महासन्धि पनि विगतका कैयौं अन्तर्राष्ट्रिय दस्ताबेजझैं मानव बेचबिखन तथा ओसारपसारलाई वेश्यावृत्तिसित जोडन चुकेन । त्यो पनि मानव बेचबिखन तथा ओसारपसार वेश्यावृत्तिकै लागि हुन्छ भन्ने परम्परागत समस्याबाट मुक्त हुन सकेन । पूर्व सन्धिहरूझैं यस महासन्धि पनि महिलाहरूको ओसारपसारमा मात्र केन्द्रित रह्यो तर उनीहरूको शोषित अवस्थाको बारेमा भने मौन रह्यो ।

सन् १९७९ मा महिला विरुद्ध सबै प्रकारका हिंसा अन्त्य गर्ने महासन्धि [Convention on the Elimination of All forms of Discrimination Against Women (CEDAW)] ले सन् १९४९ कै महासन्धिकै पंक्तिमा वेश्यावृत्तिमा संलग्न महिलाहरूको यौनशोषणमाथि रोक लगायो । यसले महिला विरुद्धका सबै बेचबिखन तथा ओसारपसारमाथि रोक लगायो । विगतका महासन्धिहरूले झैं यसले पनि मानव बेचबिखन तथा ओसारपसार सन्बन्धी ठोस परिभाषा दिन सकेन । महिलाको बेचबिखन तथा ओसारपसारमा रोक लगाएर यस महासन्धिले पनि वेश्यावृत्तिलाई नै मानव बेचबिखन तथा ओसारपसार बढाउने प्रमुख कारकतत्त्वको रूपमा पहिचान गरेको छ । यी दुई महासन्धिहरूले वेश्यावृत्ति र मानव बेचबिखन तथा ओसारपसारको सम्बन्धमा देहायका समान दृष्टिकोणहरू राख्दछन्:

क) व्यवसायिक यौनशोषणका लागि गरिने मानव बेचबिखन तथा ओसारपसार आफैंमा शोषण हो ।

ख) वेश्यावृत्ति दासता हो र यसले बलपूर्वक वेश्यावृत्तिमा लगाइएका महिला तथा बालबालिकाहरूको मानव सम्मानको उल्लङ्घन गर्छ ।

गम्भीरताकासाथ भन्नुपर्दा CEDAW पनि मानवअधिकारको दृष्टिकोणबाट मानव बेचबिखन तथा ओसारपसारको अपराधलाई सैद्धान्तीकरण गर्ने कडा संयन्त्र निर्माण गर्न असफल भएको देखिन्छ र यसले पनि पीडितको पुनर्स्थापना न्याय प्रत्याभूत गर्न सकेको छैन । यस असफलताले पीडितको मानव आत्मसम्मानको उल्लङ्घनको दृष्टिकोणले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधलाई सम्बोधन गर्न CEDAW पनि चुकेको स्पष्ट हुन्छ ।

सन् १९९८ को डिसेम्बरमा संयुक्त राष्ट्रसङ्घ महासभाले महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारको नियन्त्रण, रोक तथा सजायसम्बन्धी आलेख सहितको अन्तर्राष्ट्रिय साङ्गठनिक अपराधविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको मस्यौदा विस्तृतीकरणका लागि एउटा तदर्थ समिति स्थापना गऱ्यो । यो आलेख मानव बेचबिखन तथा ओसारपसारको सम्बन्धमा पहिलो अन्तर्राष्ट्रिय आलेख थियो जसले मानव बेचबिखन तथा ओसारपसारको बढ्दो खतरालाई सांगठनिक अपराधको दृष्टिकोणले हेरेको थियो । दुर्भाग्यवश, पहिलेका अन्य कानुनी संयन्त्रझैं यो आलेख पनि पीडितको मानवअधिकार संरक्षणलाई जोड दिन असफल रह्यो । बरु यो पनि अपराध नियन्त्रण तथा रोक लगाउने दृष्टिकोणबाट मात्रै विकसित भयो । तथापि यसले पहिलो पटक मानव बेचबिखन तथा ओसारपसारलाई साङ्गठनिक अपराधको रूपमा परिभाषित गऱ्यो ।

***संयुक्त राष्ट्रसङ्घ महासभाले महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारको नियन्त्रण, रोक तथा सजायसम्बन्धी आलेख सहितको अन्तर्राष्ट्रिय साङ्गठनिक अपराधविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि...***

महासभाले १५ नोभेम्बर २००० मा अन्तर्राष्ट्रिय साङ्गठनिक अपराधको विरुद्ध महासन्धि तथा मानव तस्करी नियन्त्रणसम्बन्धी आलेख ग्रहण गऱ्यो र १२ डिसेम्बर २००३ मा हस्ताक्षरका लागि खुला गऱ्यो । यसरी मानव तस्करविरुद्धको महासन्धि तथा आलेखले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको निर्माण गऱ्यो । उक्त आलेखले अन्य दुई संयन्त्रका साथ मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कारबाही गर्न सरकारहरूबीच सीमापारी सहयोगका लागि कानुनी संयन्त्रको निर्माण गरेको छ । अझ बढी यी संयन्त्रहरूले पक्ष राष्ट्रहरूलाई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध नियन्त्रण गर्न पर्यप्त कानुन प्रत्याभूत गर्न बाध्य पार्दछन् ।

आलेखले मानव बेचबिखन तथा ओसारपसारलाई परिभाषित गर्न एउटा सर्वस्वीकार्य भाषाको खोजी गरी त्यस्ता कार्यलाई रोक्न सघाउँछ । यसले मानव ओासरपसार तथा बेचबिखनलाई रोक्नका लागि आवश्यक उपाय प्रदान गर्नुका साथै पीडितलाई क्षतिपूर्ति दिने, गोप्यताको संरक्षण र पीडितको बलपूर्वक फिर्ताका लागि आवश्यक संयन्त्र निर्धारण गर्छ । यस आलेखले मानव बेचबिखन तथा ओसारपसारलाई देहाय बमोजिम परिभाषित गर्छ ।

क) मानव बेचबिखन तथा ओसारपसारले शोषणका लागि त्रास पैदा गरी वा बल प्रयोग गरी, अपहरणमा पारी, ठगी गरी, झुक्यानमा पारी, अख्तियारको दुरूपयोग गरी वा जोखिमी अवस्थाको लाभ लिई वा कुनै प्रकारको भुक्तानी प्राप्त गरी वा दिएर वा अर्को व्यक्तिको

सहमतिमाथि नियन्त्रण प्राप्त गर्ने व्यक्तिको सहमति प्राप्त गर्न कुनै लाभ प्रदान गरेर व्यक्तिको भर्ती, ओसारपसार, स्थानान्तरण, जहाजमा चढाउने वा प्राप्त गर्ने कार्यलाई बुझाउँछ। शोषणले न्यूनतम रूपमा वेश्यावृत्तिमाथिको शोषण तथा अन्य प्रकारका यौनशोषणलाई बुझाउँछ। साथै यसले बलपूर्वक श्रम वा सेवा, दासता वा दासता जस्तै अन्य व्यवहार तथा प्रत्यारोपणका लागि अङ्ग प्राप्त गर्ने कार्यलाई समेत बुझाउँछ।

ख) माथि खण्ड (क) मा उल्लेखित कुनै पनि प्रकारका शोषणका लागि पीडितको सहमति थियो भन्ने कुरा असान्दर्भिक हुन्छ चाहे त्यो जुनसुकै तरिकाबाट गरिएको होस्।

ग) माथि खण्ड (क) मा उल्लेखित कुनै पनि तरिकाको प्रयोग नगरेको भए तापनि शोषणका लागि गरिने बालबालिकाको भर्ती, ओसारपसार, स्थानान्तरण, जहाजमा चढाउने वा प्राप्त गर्ने कुनै पनि कार्यलाई मानव बेचबिखन तथा ओसारपसार भएको मानिनेछ।

*अनैच्छिक वा बलपूर्वक उद्धार गर्ने, पीडितमाथि अध्यागमन कानुन लागू गर्ने, बलपूर्वक फिर्ता पठाउने जस्ता कार्यहरूलाई मानवअधिकार संरक्षण कानुनको आधारमा चुनौती दिन सकिन्छ।*

यो परिभाषाले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी देहायका तत्त्वहरू स्थापित गर्छन्।

- मानव बेचबिखन तथा ओसारपसार वेश्यावृत्ति, बलपूर्वक श्रम, दासता वा दासता जस्तै व्यवहार, बँधुवा मजदुरी वा अङ्ग व्यापारका उद्देश्यले गरिने शोषणपूर्व कार्य हो। त्यसकारण यस आलेखले उल्लेखित सबै कार्यहरूलाई रोक्ने, नियन्त्रण गर्ने र सजाय गर्ने उद्देश्य राख्दछ। फलतः यस्ता कार्यहरूको फौजदारी चरित्रलाई आलेखले पहिचान गरी स्थापित गरेको छ।

- मानव बेचबिखन तथा ओसारपसारले पीडितलाई दासता वा दासता जस्तै अवस्थामा पुऱ्याउँदछ। यस परिभाषाले बेचबिखन तथा ओसारपसारमा परेकाहरूको लाभका लागि सामान्य मानवअधिकार कानुनहरू लागू गर्न बाटो खोलिदिएको छ। उद्धार, फिर्ता बोलाउने, फिर्ता पठाउने, पुनर्स्थापना गर्ने र सामाजिक एकीकरण जस्ता कार्यहरू मानव सम्मानका सिद्धान्तबाट निर्देशित छन्। त्यसकारण अनैच्छिक वा बलपूर्वक उद्धार गर्ने, पीडितमाथि अध्यागमन कानुन लागू गर्ने, बलपूर्वक फिर्ता पठाउने जस्ता कार्यहरूलाई मानवअधिकार संरक्षण कानुनको आधारमा चुनौती दिन सकिन्छ।

- यी तरिकाहरूको प्रयोग गरी कुनै व्यक्तिलाई यौन, श्रम वा सेवा बजारमा लगाउनुले पनि मानव बेचबिखन तथा ओसारपसारको परिणाम ल्याउँछ। यस परिभाषाले मानव बेचबिखन तथा ओसारपसार र वेश्यावृत्तिका साथै बलपूर्वक श्रमबीचको अपरिभाषित सम्बन्धको अवस्थालाई अन्त गर्छ। आलेखले मानव बेचबिखन तथा ओसारपसार र वेश्यावृत्तिसम्बन्धी कार्यलाई अलग्याउँछ। कुनै पनि परिप्रेक्ष्यमा शोषण निम्त्याउने जुनसुकै प्रकारको ओसरपसार तथा बेचबिखनलाई कुनै पनि हालतमा न्यायोचित मान्न सकिदैन। त्यसकारण कुनै व्यक्तिको बेचबिखन तथा ओसारपसारद्वारा यौन सेवा र अन्य प्रकारको बलपूर्वक श्रममा संलग्नतालाई शोषणको रूपमा परिभाषित गर्नुपर्छ र त्यसको कार्य मानवअधिकारको गम्भीर उल्लङ्घन हो। आलेखको धारा ३(क) मा उल्लेख

गरिएझैं परिभाषाले उल्लेखित तरिकाबाट बेचबिखन तथा ओसारपसारमा परेकाहरूको यौनशोषणलाई अपराधीकरण गर्छ ।

उक्त धाराको खण्ड (ख) ले सहमतिको आधारमा कुनै पनि व्यक्तिलाई यौन, श्रम वा सेवा बजारमा संलग्न गराउने कार्यलाई फौजदारी दायित्त्वबाट मुक्त गर्नु पर्ने अवधारणाको खण्डन गर्छ । त्यसैले यदि पीडित नाबालक छ भने त झन् सहमतिको बचाउ असान्दर्भिक हुन्छ र अपराधीले बचाउ पाउँदैन ।

परिभाषाले जोखिममा परेका कारणले शोषित हुन बाध्य पीडितहरूलाई पनि समेट्दछ । जोखिममा परेका कारण शोषित हुन बाध्य पारिएको कुरा कुनै विकल्प नभएका कारण आफू शोषणका लागि समर्पित हुन बाध्य भएबाट प्रस्ट हुन्छ ।

यी तत्त्वहरूले कार्यान्वयन प्रक्रियाको कोणबाट मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधलाई विश्वव्यापी रूपमा स्वीकार्य अवधारणाको रूपमा विकास गर्न सहयोग पुऱ्याउँदछन् ।



परिच्छेद - २

# मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधको वर्गीकरण

मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित अपराधलाई विभिन्न तरिकाले वर्गीकरण गर्न सकिन्छ । उद्देश्यहरू, अपराध हुने स्थान, मानव बेचबिखन तथा ओसारपसारको गन्तव्य र पीडितका लिङ्ग तथा उमेरमा हुने विविधताका कारण पनि केही महत्त्वपूर्ण वर्गीकरणहरू उत्पन्न भएका छन् । पीडित तथा साक्षीको संरक्षण तथा प्रभावकारी फौजदारी कार्यविधिका लागि पनि मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराधको वर्गीकरण गर्नु आवश्यक छ । उदाहरणका लागि एउटा नाबालकको सीमापारी हुने बेचबिखन तथा ओसारपसारलाई राष्ट्रको घरेलु कानुनले बयस्कको देशभित्रै हुने बेचबिखन तथा ओसारपसारको कार्यलाई भन्दा पनि गम्भीर रूपले ग्रहण गर्छ । तथापि वर्गीकरणको अर्थ कुनै पनि उद्देश्यले बेचबिखन तथा ओसारपसारमा पारिएकाहरूमाथि फरक असर तथा परिणामको व्यवहार गर्नु होइन ।

## २.१. गन्तव्यमा आधारित वर्गीकरण


गन्तव्यका आधारमा मानव बेचबिखन तथा ओसारपसारलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । जस्तै, आन्तरिक अर्थात्, देशभित्रै मानव बेचबिखन तथा ओसारपसार र बाह्य अर्थात्, अन्तर्देशीय मानव बेचबिखन तथा ओसारपसार

### २.१.१. आन्तरिक मानव बेचबिखन तथा ओसारपसार

आन्तरिक मानव बेचबिखन तथा ओसारपसारले कुनै एक देशको राष्ट्रिय सीमाभित्र कुनै व्यक्ति वा सामूहको बेचबिखन तथा ओसारपसारलाई बुझाउँछ । यस्तो प्रकारको बेचबिखन तथा ओसारपसार गाउँबाट सहरतिर वा एक स्थानबाट अर्को स्थानमा हुने गर्छ । तथापि सहरीकरणको परिप्रेक्ष्यमा मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू गाउँबाट सहरी गन्तव्यतिर हुने गर्छन् । आन्तरिक बेचबिखन तथा ओसारपसारका घटनाहरू व्यापक रूपमा स्थानीय कारणहरूसँग सम्बन्धित छन् । विकासका अवसरहरूबाट वञ्चित हुनु आन्तरिक बसाइँ सराइका लागि प्रमुख कारक तत्त्व हुन सक्छन्, जुन पछि गएर मानव बेचबिखन तथा ओसारपसारमा रूपान्तरित हुन्छ ।

### २.१.२. बाह्य मानव बेचबिखन तथा ओसारपसार

बाह्य मानव बेचबिखन तथा ओसारपसारले कुनै व्यक्ति वा समूहको एक देशको सीमा नाघेर अर्को देशको भूमिमा बेचबिखन तथा ओसारपसार हुने कार्यलाई जनाउँछ । यस प्रकारका मानव बेचबिखन तथा ओसारपसारका कार्यहरूलाई खुल्ला सीमा र अध्यागमन कानुनको कमजोर कार्यान्वयनले सहयोग पुऱ्याएको हुन्छ । बसाइँ सराइ तथा अन्तर्देशीय मानव बेचबिखन



तथा ओसारपसारलाई सजिलैसँग छुट्याउन सकिन्न । मूल कारक तत्त्वको हिसाबले अन्तर्देशीय मानव बेचबिखन तथा ओसारपसार र आन्तरिक मानव बेचबिखन तथा ओसारपसारबीच केही समान चरित्रहरू भेटिन्छन् तर दुवैको कार्यान्वयन प्रक्रिया (Modus operandi) जस्तै, हिँडडुल तथा ओसारपसार प्राय फरक छन् । अन्तर्देशीय मानव बेचबिखन तथा ओसारपसार कार्यान्वयन प्रक्रिया राष्ट्रै पिच्छे फरक छन् । मानव तस्करी अर्थात प्रवेशाज्ञा नभएको स्थानमा अवैध ढङ्गले गोप्य रूपमा ओसरपसार गर्नु एक प्रकारको कार्यान्वयन प्रक्रिया हुनसक्छ ।

## २.२. उद्देश्यमा आधारित वर्गीकरण

विविध उद्देश्यका लागि पनि मानव बेचबिखन तथा ओसारपसार गरिन्छ । जस्तो, यौनशोषण, घरेलु श्रम, मनोरञ्जन, बँधुवा मजदुर, अङ्ग व्यापार र अरू पनि थुप्रै शोषणपूर्ण रूपहरू । मानव बेचबिखन तथा ओसारपसारका उद्देश्यले मात्र पीडितको दुःखलाई न्युनीकरण गर्ने होइन कहिलेकाँही एक उद्देश्यवाट अभिप्रेरित मानव बेचबिखन तथा ओसारपसारले अर्को उद्देश्यबाट प्रेरित मानव बेचबिखन तथा ओसारपसारले भन्दा बढी पीडा दिन्छ । मानव बेचबिखन तथा ओसारपसारका उद्देश्यहरू यस प्रकार छन् :

### २.२.१. यौनशोषण

यौनशोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसार सबैभन्दा पुरानो स्वरूपको मानव बेचबिखन तथा ओसारपसार हो र यसका विविध आयामहरू छन् । उहिले यौनशोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसार बलपूर्वक वेश्यावृत्ति र यौन दासताका लागि गरिने मानव ओसरपसार तथा बेचबिखन भनी बुझिन्थ्यो । अहिले, मानव बेचबिखन तथा ओसारपसार यौन पर्यटक, बाल यौन दुराचार र अश्लील प्रदर्शनीका लागि गरिन्छ । दक्षिण एसियाली राष्ट्रहरूमा यौन पर्यटन र बाल यौन दुराचार व्यापक हुँदै गएको छ । विशेषगरी बालबालिकाहरू यसप्रकारको दुरूपयोग तथा शोषणका लागि जोखिममा पारिएका छन् । नेपालबाट भारत र बंगलादेशबाट भारत र पाकिस्तान र खाडी मुलुकहरूमा बढी जसो मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू घट्ने गर्छन् । पीडितहरूमाथि हुने देहायका क्रियाकलपाहरूले यौनशोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसारको परिणाम निम्त्याउँछः-

- मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरू दलाल वा वेश्यालयका मालिकहरूका आर्थिक लाभका लागि इच्छाविपरीत यौन सेवा उपलब्ध गराउन बाध्य पारिन्छन् । यसबाट स्वयं पीडितहरूलाई चाहिँ नगण्य वा शून्य लाभ हुन्छ ।
- यौन सेवा प्रदान गर्न नचाहनेहरूमाथि बल प्रयोग गरिन्छ । बल प्रयोग गर्ने क्रममा

उनीहरूमाथि दलाल वा पिम्पहरूद्वारा बलात्कारलगायत अन्य यातना दिन लगाइन्छ।

- थुनेर राखिन्छ जहाँबाट भाग्न प्रायः असम्भव हुन्छ।
- एचआईभी/एड्स जस्ता यौनजन्य रोग सर्ने खतरा रहन्छ।



- सेवा उपभोगीहरूबाट शारीरिक र मानसिक यातना दिइन्छ।
- बधुँवाको अवस्था रहन्छ।

उल्लेखित क्रियाकलापहरूले पीडितको आधारभूत मानवअधिकारको हनन् गर्छन्। त्यसकारण राज्यको फौजदारी न्याय व्यवस्थाभित्र पुनर्स्थापनात्मक उपयहरू समाविष्ट गर्नु जरुरी छ।

### २.२.२. भीख माग्नु



विशेषगरी महानगरहरूमा भीख माग्ने काममा लगाउनका लागि पनि महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार गरिन्छ। अनाथ तथा शारीरिक र मानसिक रूपमा अपाङ्ग बालबालिकाहरू यस प्रकारको जोखिममा पारिन्छन्।

### २.२.३. घरेलु र अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहण

धर्मपुत्र/पुत्री राख्ने उद्देश्ले गरिने मानव ओसरपसार तथा बेचबिखन अर्को स्वरूपको मानव बेचबिखन तथा ओसारपसार हो। यस स्वरूपको मानव ओसरपसार

तथा बेचबिखनबाट गरिब आमाबाबु र त्यागिएका बालबालिकाहरू जोखिममा पर्दछन् । धर्मपुत्र/पुत्री राख्ने आमाबाबुहरूले विभिन्न सङ्घसंस्थाहरूका साथै दलालहरूमार्फत ठूलो रकम भुक्तानी गर्छन् । मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्नहरूले यसबाट ठूलो लाभ प्राप्त गर्छन् ।

### २.२.४. ऊँट दौडमा सइसको रूपमा प्रयोग

उँट दौडमा सइसको रूपमा साना केटाकेटीहरूको प्रयोग गरिन्छ जसले उनीहरूको जीवन जोखिममा पर्दछ । यी बालबालिकाहरू कुपोषणले ग्रस्त हुन्छन् र ऊँटको पिठ्युँमा कम तौल परोस् भनी ती केटाकेटीहरूलाई आधा पेट खुवाइन्छ । यसभन्दा बढी उनीहरूलाई ऊँटको पिठ्युँमा बाँधिन्छ ता कि उनीहरू हाम नफालुन् र नखसुन् । भारत तथा बंगलादेशबाट वर्षेनी धेरै बालबालिकाहरू मध्यपूर्वमा ऊँट दौडमा सइसको रूपमा प्रयोग गर्न बेचबिखन तथा ओसारपसार गरिन्छ ।

### २.२.५. मानव अङ्ग व्यापार

यो नयाँ स्वरूपको मानव बेचबिखन तथा ओसारपसार हो । मानव अङ्ग व्यापारको लागि मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्य आकर्षक व्यवसाय भएको छ । गरिब मानिस तथा बालबालिकाहरूलाई ठूलो रकमको लोभ देखाएर आफ्नो अङ्ग दान गर्न आकर्षित गरिन्छ तर उनीहरूमाथि प्रायः छल गरिन्छ ।





### २.२.६. मनोरञ्जन

मनोरञ्जनका लागि पनि मानव बेचबिखन तथा ओसारपसार गरिन्छ । महिला तथा







बालबालिकाहरूलाई सर्कसमा काम गराउनका लागि बेचबिखन तथा ओसारपसार गरिन्छ। उनीहरूलाई राम्रो तलब तथा रोमाञ्चक जीवनको झूठो आश्वासन दिइन्छ तर पछि गएर उनीहरूलाई अत्यन्त थोरै तलब दिइन्छ र समयसमयमा यौन दुर्व्यवहार र शोषण गरिन्छ।

### २.२.७. बलपूर्वक विवाह

कहिलेकाहीं मानिसहरूलाई अवैध विवाह गर्ने र गराउने उद्देश्यले बेचबिखन तथा ओसारपसार गरिन्छ। ती मानिसहरूको विवाहका लागि सहमति हुँदैन। बेहुला वा बेहुलीहरूको भावनाको कदर नगरी सामाजिक वा पारिवारिक दबाबमा पारी उनीहरूलाई बिहे गर्न बाध्य पारिन्छ। यस प्रकारको बलपूर्वक गरिने शास्त्रीय विवाहले पनि मानिसहरूमाथि शोषण हुने खतरा रहन्छ र मानव बेचबिखन तथा ओसारपसारको परिणाम ल्याउँछ।



### २.२.८. परम्परागत प्रचलनहरू

धेरै महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार समाजमा विद्यमान परम्परागत प्रचलनहरू कायम राख्नका लागि पनि गरिन्छ ।



केही परम्परागत प्रचलन जस्तै, देवदासी, जोगिनी, मेनकाटिसी लगायतका देवदेवीहरूप्रति समर्पित महिलाहरूको रूपमा भारतका धेरै राज्यहरू जस्तै, आन्ध्रप्रदेश, कर्नाटक, महाराष्ट्र आदिमा महिलाहरूको बेचबिखन तथा ओसारपसार गरिन्छ । यस्ता महिलाहरूलाई वेश्यावृत्तिमा पनि लगाइन्छ । नेपालमा देउकीको रूपमा महिलामाथि यस प्रकारको शोषण गरिन्छ । त्यस्तै केही समुदायहरू जस्तै भारतमा बेडिया, नट, कन्जर, ढोली र नेपालमा वादी समूदायहरू माझ प्रचलित वेश्यावृत्ति स्वीकार्य पाइन्छ ।

परिच्छेद - ३

# मानव बेचबिखन तथा ओसारपसारका प्रमुख कारणहरू

मानव बेचबिखन तथा ओसारपसारका लागि केही जटिल प्रमुख कारणहरू जिम्मेवार रहेका देखिन्छन् । यी कारणहरूमा आर्थिक सामाजिक कारण प्रमुख छन् जसले मानिसहरूलाई ओसारपसार तथा बेचबखिनको खतरामा पार्दछन् । यसका अतिरिक्त धेरै कानुनी तथा संरचनागत कारणहरू छन् जसले मानव बेचबिखन तथा ओसारपसारलाई बढावा दिन्छन् । यस क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसारलाई बढावा दिने केही कारण तथा परिस्थितिहरू यस प्रकार छन् ।

## ३.१. आर्थिक सामाजिक कारणहरू

### ३.१.१ गरिबी र बेरोजगारी

मानव बेचबिखन तथा ओसारपसार र गरिबीबीच बलियो सम्बन्ध छ । गरिबीले मानव बेचबिखन तथा ओसारपसारको खतरा निम्त्याउँछ तर गरिबी मात्र मानव बेचबिखन तथा ओसारपसारका लागि एकलौटी कारण भने होइन ।

क) गरिबीले मानिसहरूलाई बसाइँ सराइका लागि बाध्य पार्छ । एक स्थानबाट अर्को स्थानमा हुने बसाइँ सराइले मानिसहरूको सामुदायिक संरचना तथा सुरक्षा सञ्जाल ध्वस्त पारिदिन्छ । अर्को शब्दमा भन्नुपर्दा बसाइँ सराइ भई आएका वा गएका मानिसहरूको जोखिम बढ्दछ ।



ख) गरिबी मानवशरीर दलालहरूका लागि ठूलो अवसर बन्छ । गाउँबस्ती जति गरिब हुन्छ, मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूलाई गरिब मानिसहरूलाई लोभ्याई आकर्षित गर्न त्यत्तिकै सजिलो हुन्छ ।

ग) गरिबीको कारण बालबालिकाहरूले उचित शिक्षा प्राप्त गर्न सक्दैनन् । फलस्वरूप उनीहरूमा चेतनाको अभाव रहन्छ । धेरै साना नानीहरूलाई अरूको घरमा घरेलु नोकरको रूपमा काम गर्न पठाइन्छ । अभिभावकसँग

अलग्याइएका यस्ता साना नानीहरू जोखिममा पर्दछन् ।

घ) गरिबीलाई यौनशोषणको लागि एउटा महत्त्वपूर्ण कारक तत्त्वको रूपमा पहिचान गरिएको छ ।

गरिबी मानव बेचबिखन तथा ओसारपसारमा योगदान गर्ने एउटा महत्त्वपूर्ण कारक तत्त्व हो । बालबालिकाहरूको हकमा भौतिक गरिबीले शोषण बढाउँछ र बालश्रमको दुरूपयोग गराउँछ । गरिबीले बालबालिकाहरूलाई खतरापूर्ण काममा संलग्न हुन बाध्य पार्छ । तर सबै गरिब बालबालिकाहरू बेचबिखन तथा ओसारपसारको समस्यामा पर्दैनन् । उनीहरू अत्यन्त जोखिममा भने हुन्छन् र उक्त जोखिमलाई लैङ्गिक र जातीय विभेदले अझ बल प्रदान गर्छ । बढी जोखिममा परेकाहरू बेचबिखन तथा ओसारपसारको सिकार हुने सम्भावना पनि बढी रहन्छ ।

गरिबीसँग सम्बन्धित अर्को जोखिमपूर्ण कारक तत्त्व बेराजगारी र जीविकोपार्जनको साधनको अभाव हो । भूमिहीन मानिसहरू पनि बेचबिखन तथा ओसारपसारको खतरामा पर्दछन् । जिवीकोपार्जनको साधन गुमेपछि असुरक्षित बसाइँ सराइ भएको देखिन्छ । सबै प्रकारका आर्थिक कारणहरूले मानिसहरूलाई अत्यन्त जोखिमपूर्ण र शोषणको अवस्थामा बसाइँ सराइका लागि बाध्य पार्दछन् (मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूको लोभमा परी वा नपरी) ।

### ३.१.२. अशिक्षा, चेतनाको कमी र निम्नस्तरको शिक्षा





अशिक्षा, चेतनाको कमी र निम्नस्तरको शिक्षाको कारणले विशेषगरी दुई तरिकाबाट मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढाइरहेका छन् । यसले रोजगारीको अवसर तथा आर्थिक सुदृढीकरण घटाउँछ र पढलेख गर्न जान्नेहरूलाई लक्षित गरी सञ्चालित चेतनामूलक कार्यक्रमबाट हुने लाभको अवसरबाट वञ्चित गराउँछ । उदाहरणका लागि बंगलादेशमा जन्म दर्ता गराउनु पर्ने चेतनाको अभावमा जालसाँजीपूर्ण विवाहका माध्यमबाट बालबालिकाहरूको ओसारपसार तथा बेचबखिनमा संलग्नहरूलाई कारबाही गर्न अप्ठ्यारो परेको छ । कानुन लागू गर्ने निकायहरूमा चेतनाको कमीले पनि यसलाई बढावा दिएको छ ।



### ३.१.३. महिला तथा बालिकाविरुद्ध विभेद

यस क्षेत्रका महिला तथा बालबालिकाहरू महिला विरुद्ध सामाजिक असमानता र विभेदका कारण बेचबिखन तथा ओसारपसारको खतरामा पर्दछन् । महिला तथा बालिकाहरूलाई उनीहरूका पुरुष सहकर्मी सरह समान पङ्क्तिमा राखी समान व्यवहार गरिन्न र जीवनको विकासका लागि आवश्यक अवसरबाट

वञ्चित गरिन्छ । बंगलादेशमा नागरिक कानुन तथा सामाजिक र धार्मिक मान्यताहरूले महिलालाई समाजमा अन्य मानिसहरू (जस्तै, लोग्ने, छोरा, वा परिवार) को मातहतमा राखेको छ । यसले पैतृक सम्पत्तिको हस्तान्तरण, विवाह, सम्बन्ध विच्छेद, केटाकेटीको अभिभावकत्त्व गर्ने जस्ता विषयमा महिलामाथि विभेद गरेको छ । उनीहरूलाई भूमिमाथिको पहुँच र रोजगारीको अवसर आदिबाट वञ्चित गरेको छ । यी कारक तत्त्वहरूले गरिव महिलाहरूलाई एक स्थानबाट अर्को स्थानमा बसाइँ सराइ गर्न बाध्य पारेका छन् । महिला तथा बालिकाहरूले समाज र परिवार दुवैभित्र विभेदको सामना गर्छन् । अझ जातीय विभेद र सामाजिक स्तरीकरणले महिला तथा बालिकाहरूलाई कथित तल्लो जातमा राखी जोखिममा पारी मानव बेचबिखन तथा ओसारपसारको खतरा बढाएको छ ।

### ३.१.४. बसाइँ सराइ

विश्वका धेरै भागहरूमा जस्तै दक्षिण एसियामा पनि बसाइँ सराइ एउटा साझा समस्याको रूपमा रहेको देखिन्छ । बसाइँ सराइ र मानव बेचबिखन तथा ओसारपसारबीच अत्यन्त कडा सम्बन्ध रहेको छ । धेरैपटक मानव बेचबिखन तथा ओसारपसार आर्थिक बसाइँ सराइको छायाँभित्र भएको छ । गरिबी, बेरोजगारी, अवसरको अभाव र दैवी विपत्तिको कारण मानिसहरू रोजगारी तथा जीवनको समृद्धिको खोजीमा बसाइँ सराइ गर्छन् । बसाइँ सराइमा संलग्न महिला तथा बालिकाहरू यौन दुराचार तथा शोषणको शिकार हुने खतरा धेरै छ । बसाइँ सराइ आन्तरिक र बाह्य दुवै हुन सक्छन् । दैवी विपत्ति वा मानव सिर्जित दुर्घटनाले ठूलो सङ्ख्यामा मानिसहरूलाई उनीहरूको वासस्थानबाट विस्थापित गरिदिन्छ जसले उनीहरू न्यून वा शून्य जीविकोपार्जनका साधनसहित सुकुम्बासीमा परिणत हुन्छन् । यस्तो अवस्थामा उनीहरू झूठो आश्वासनमा फस्ने र मानव बेचबिखन तथा ओसारपसारको शिकार हुने प्रवल सम्भावना रहन्छ । यसले गाउँदेखि गाउँ, गाउँदेखि सहर वा सहरदेखि सहरमा आन्तरिक बसाइँ सराइको चाप वृद्धि गर्छ ।



### ३.१.५. भूमण्डलीकरण, औद्योगिकरण र उपभोक्तावाद

भूमण्डलीकरणले वातावरणको विनास निम्त्याएको छ, स्थानीय आत्मभिर्नर र स्वायत्त उत्पादन र उपभोग प्रणाली नष्ट पारेको छ, स्थानीय आर्थिक प्रणालीबाट ठूलो मात्रामा अलग्याएको छ र बाँच्नका लागि श्रम स्थान्तरण बढाएको छ । भूमण्डलीकरणले समान्यतया मानवअधिकार उल्लङ्घनको परिणाम ल्याएको छ र विशेषतः महिलाहरूको मानवअधिकारको उल्लङ्घन गरेको छ । जस्तो कि विकासको नाममा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको क्षय गरेको छ । भूमण्डलीकरणको अत्यन्त खतरनाक असर भनेको यसले मानव जातिलाई उपभोग्य वस्तुको रूपमा ठान्दछ । आर्थिक भूमण्डलीकरणले रोजगारीका अनगिन्ती

अवसरहरू सिर्जना गरे पनि यसले विश्वव्यापी असमानता बढाएको छ । आधुनिक जीवनप्रतिको बढ्दो चाहनाले युवा पुस्ताहरूलाई सहर उन्मुख बनाएको छ र मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूको जालमा फस्ने खतरा पनि बढाएको छ ।

### ३.१.६ परम्परागत, सांस्कृतिक तथा धार्मिक व्यवहारहरू

दक्षिण एसियामा प्राचीन समयदेखि प्रचलनमा रहेको जवान केटीहरूलाई देवीदेवताका मन्दिरहरूमा देवदासी, जोगिनी, बेनकाटासिन (भारतमा) र देउकी (नेपालमा) का रूपमा समर्पण गर्ने प्रथा अझै जीवित छ । त्यस्ता केटीहरूलाई व्यवसायिक यौन कार्यमा उन्मुख गराइन्छ । भारतका वेडीया, नट, कन्जर, ढोली जस्ता समुदायहरू र नेपालका वादी समुदायमा आज पनि व्यवसायिक यौन कार्य स्वीकार्य छ ।

### ३.१.७ साङ्गठानिक आपराधीक कार्य

साङ्गठनिक आपराधीक क्षेत्रले पनि मानव बेचबिखन तथा ओसारपसारको कार्यबाट उल्लेखनीय लाभ प्राप्त गरेको छ । अपराधीहरूले बलियो सञ्जाल निर्माण गरेका छन् जसले जोखिममा परेकाहरूलाई सजिलै जालमा पार्दछन् । मनोरञ्जन व्यवसायमा लाग्ने महिला तथा बालिकाहरूका लागि मानव बेचबिखन तथा ओसारपसारको अवस्थामा पुग्नु नै अन्तिम गन्तव्य हुन सक्छ । हजारौं महिला तथा बालबालिकाहरू मनोरञ्जन व्यवसायमा संलग्न छन् जहाँबाट उनीहरूलाई बेचबिखन तथा ओसारपसारमा संलग्नहरूले लोभमा पारी अन्य गन्तव्यमा पुऱ्याउन सक्छन् ।





## ३.२ अन्य कारणहरू

मानव बेचबिखन तथा ओसारपसार जस्तो कार्यलाई अझ जोखिमपूर्ण बनाउने अन्य कारणहरू पनि विद्यमान छन् । उपलब्ध कानुनहरूको उचित कार्यान्वयनको अभाव, आकर्षक व्यापारको रूपमा मानव बेचबिखन तथा ओसारपसारको बृद्धि (वार्षिक १ करोड अमेरिकी डलर बराबरको व्यापार), साङ्गठनिक अपराधीक सञ्जालको संलग्नता, कार्यशालामा सुरक्षाको अभाव र सम्बन्धित निकायहरूलाई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी पर्याप्त तालिमको अभाव आदि त्यस्ता कारणहरू हुन ।

तथापि ध्यान दिनुपर्ने कुरा के हो भने मानव बेचबिखन तथा ओसारपसार माथि उल्लेखित कारणहरू मध्ये कुनै एक मात्र कारणको परिणाम भने होइन बरु सबै कारणहरू उत्तिकै जिम्मेवार छन् । माथि उल्लेख गरेझैं मानव बेचबिखन तथा ओसारपसार अपराध मात्र नभएर मानवअधिकारको गम्भीर उल्लङ्घन हो । यसले मानिसका मौलिक मानवअधिकारहरू जस्तै जीवन तथा स्वतन्त्रताको अधिकार, दासताबाट मुक्ति, यातनाबाट मुक्ति, जीविकोपार्जन माथिको अधिकार, शिक्षा र स्वास्थ्यसेवामाथिको अधिकारबाट पीडितलाई वञ्चित गर्छ । मानव बेचबिखन तथा ओसारपसार जस्ता कार्यले पीडितमाथि गम्भीर सामाजिक, भौतिक र संवेगात्मक असर पार्दछ ।

पीडितलाई सामान्य जीवन जिउन सक्ने बनाउन उसको उद्धार र त्यसपछि अभियोजन र पुर्पक्षको समयमा पीडितलाई सल्लाह सुझाव दिनु र पीडाबाट बचाउन अन्य उपायहरू अवलम्बन गर्नु आवश्यक छ । तर यी ३ वटा देशहरूका कानुनी संरचनाले मानव बेचबिखन तथा ओसारपसारलाई शान्तिसुरक्षासँग सम्बन्धित समस्याको रूपमा नै लिइराखेको छ र पीडितको हित तथा अधिकारमाथि

ध्यान दिएको पाइँदैन । फलतः मानवअधिकार हनन् हुने र उपयुक्त उपचार नपाउने मात्र होइन कि पर्याप्त सल्लाह र सुझावसहित फिर्ता पठाई सामाजिक पुनः सम्मिलनमा पनि सहयोग नपुग्ने अवस्था छ । दोषीको पुर्पक्षको समयमा वा अभियोजनको समयमा पनि पीडितलाई सहभागी गराइदैन र उसको भूमिका जाहेरी दिने र साक्षी बस्ने जस्ता कार्यमा मात्र सीमित रहन्छ ।

## ३.३ कानुनी मुद्दा

भारत, बंगलादेश र नेपालका कानुनी संरचनामा मानव बेचबिखन तथा ओसारपसारका विभिन्न आयामहरूलाई सम्बोधन गर्नका लागि ऐन तथा अन्य प्रावधानहरू भएपनि समस्या समाधान गर्ने सन्दर्भमा यिनीहरूमा धेरै कमजोरी रहेको पाइएको छ । अन्य कानुनदेखि बाहेकका पक्षहरू जस्तै अपराधको अनुसन्धान, समाजमा पीडितको पुनःसम्मिलन, पर्याप्त प्रशिक्षण र सचेतना पनि अपर्याप्त रहेको स्पष्ट छ । व्यापक रूपमा यस क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसारको विरुद्ध प्रभावकारी युद्ध लड्ने कुरामाथि बाधा पुऱ्याउने केही महत्त्वपूर्ण मुद्धाहरू यस प्रकार छन् :

### ३.३.१ परिभाषाको अभाव

माथि उल्लेख गरे झैं भारत तथा बंगलादेशका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानुनहरूले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कुनै प्रकारको परिभाषा गर्दैनन् । साथै मानव बेचबिखन तथा ओसारपसारका सबै पक्षलाई समेट्ने खालको कुनै विस्तृत कानुन पनि छैन । यसले मानव बेचबिखन तथा ओसारपसारका सबै आयाम तथा समस्या सम्बोधन गर्न व्यवधान पुऱ्याएको छ । साथै अन्य धेरै वर्गका मानव बेचबिखन तथा ओसारपसार जस्ता कार्यले उपचार प्राप्त गर्न नसक्ने अवस्थामा पुऱ्याएको छ । उदाहरणको लागि बंगलादेशमा अश्लील चित्रमा बालबालिकाको प्रयोग (Child Pornography) र यौन पर्यटनसँग सम्बन्धित प्रावधानहरूलाई दण्ड संहिताले समेट्न सकेको छैन र नेपालमा पनि अश्लील कार्यमा बँधुवा मजदुरको प्रयोग तथा बाल यौनदुराचार नियन्त्रणसम्बन्धी कानुनको अभाव रहेको छ ।

### ३.३.२ पीडितको संरक्षणको लागि कार्यविधिगत संयन्त्र

यी ३ देशहरूका कानुनी प्रावधानहरूले मानव बेचबिखन तथा ओसारपसारलाई अपराधको रूपमा मात्र हेरेकोले यससँग सम्बन्धित अपराधलाई सामान्य फौजदारी अदालतमा सुनुवाइ गरिन्छ । बन्द इजलासमा सुनुवाइ गरी, भिडियो सम्मेलन वा अन्य श्रव्यदृश्यका साधनका सहायताले प्रमाण अभिलेखीकृत गरेर पीडितको गोप्यताको रक्षा गरी पीडितलाई पर्याप्त संरक्षण दिने जस्ता कार्यको अभाव रहेको छ । यस्तो समयमा मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरूलाई दोस्रो पटक पुनः पीडित बनाइन्छ । साक्षी संरक्षणका उपायहरू पनि पर्याप्त छैनन् । भारतमा नाबालक पीडितका हकमा बन्द इजलाशमा सुनुवाइ र अन्य गोप्यतासम्बन्धी केही संरक्षणात्मक उपायहरू (बाल न्याय ऐन, २०००, गोवा बालबालिकासम्बन्धी ऐन, २००३) छन् । तर अन्य पीडितहरूका हकमा भने त्यस प्रकारको संरक्षण उपलब्ध छैन । बंगलादेशमा पनि महिला तथा बालबालिका विरुद्ध हिंसा निरोधसम्बन्धी ऐन, २००३ को संशोधनले यस अन्तर्गतका अपराधहरू बन्द इजलासमा सुनुवाई गर्ने प्रावधानको व्यवस्था गरे तापनि पीडितको पुनर्स्थापना तथा फिर्ता पठाउने जस्ता प्रावधानको अभाव रहेको छ ।

### ३.३.४ सीमापारी मानव बेचबिखन तथा ओसारपसार

भारतमा बाह्य अधिकारक्षेत्रसम्बन्धी प्रावधानको व्यवस्था छैन। भारतबाहिर गएर मानव बेचबिखन तथा ओसारपसारको कार्य गरी भारत फर्की आउनेलाई कारबाही गर्ने प्रावधान प्रचलित कानुनमा छैन। अझ भन्ने हो भने क्षेत्रीय र अन्तर्राष्ट्रिय संयन्त्रहरूमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कार्य नियन्त्रणका लागि राष्ट्रहरूबीच पारस्परिक सहयोग



हुनुपर्ने प्रावधानको व्यवस्था भएपनि घरेलु कानुनमा यसको व्यवस्था छैन। भारत-नेपालबीच द्विपक्षीय सम्झौताले यस आवश्यकताको परिपूर्ति गर्छ। भारत र बंगलादेश बीच द्विपक्षिय सम्झौता प्रक्रियामा रहेको कारण भविष्यमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा धेरै आशा गर्न सकिन्छ।

### ३.३.५ क्षतिपूर्ति



भारत र बंगलादेशमा प्रचलित मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कानुनी अवस्थाले मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूका लागि कुनै क्षतिपूर्तिको व्यवस्था गरेका छैनन्। भारतमा जीवन तथा व्यक्तिगत स्वतन्त्रता लगायतका संविधान प्रदत्त मौलिक हक हनन् गरिएका पीडितहरूलाई क्षतिपूर्ति दिने व्यवस्था भए पनि मानव बेचबिखन तथा ओसारपसारलाई मानवअधिकार उल्लङ्घनको रूपमा लिइँदैन। त्यस्ता मुद्दाहरूमा क्षतिपूर्तिको व्यवस्था पनि छैन। पीडितहरूका लागि क्षतिपूर्तिले ठूलो महत्त्व राख्दछ किनभने अन्य उद्देश्यहरू जस्तै बलपूर्वक श्रम बँधुवा मजदुरी आदिका लागि बेचबिखन तथा ओसारपसारमा परेकाहरूको परिवारको सहायताका लागि क्षतिपूर्ति नै एकमात्र उत्तम उपाय हुन सक्छ। पर्याप्त क्षतिपूर्तिको अभावमा रोजगारी लगायतका अन्य पुनर्स्थापनाका उपायहरूले पीडितलाई शोषण तथा दुरूपयोगको माखेसाङ्लोमा फस्न बाध्य पार्छ। तर नेपालमा नयाँ मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कानुन "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४" ले सजायको रूपमा गरिने जारिवानाको आधा पीडितलाई दिलाउने व्यवस्था गरेको छ।

## ३.४ अन्य मुद्दाहरू

### ३.४.१ सम्बन्धित निकायहरूलाई झक्झकाउने


मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई प्रभावकारी ढङ्गले नियन्त्रण गर्न ध्यान दिनुपर्ने एउटा महत्त्वपूर्ण मुद्दा भनेको यससँग सम्बन्धित सरोकारवालाहरू जस्तै प्रहरी (अनुसन्धान र संयोजन गर्ने निकाय), अभियोजनकर्ता र न्यायालयलाई झक्झकाउनु हो। यस प्रकारको झक्झकाउने कार्य वा सचेतनाको अभावमा पुर्पक्षको समयमा पीडितहरूले धेरै



अप्ठ्यारा र लाजमर्दो प्रश्नहरू सामना गर्नुपर्दछ । जबसम्म विभिन्न निकायहरू मानव बेचबिखन तथा ओसारपसारका प्रकृति, कारण तथा परिणामहरूबारे सचेत हुँदैनन्, तबसम्म गर्नुपर्ने ढङ्गले कारबाही गर्न उनीहरू सक्षम हुँदैनन् । अधिकांश मानिसहरू अवधारणागत स्पष्टताको अभावले मानव बेचबिखन तथा ओसारपसारलाई वेश्यावृत्तिकै पङ्क्तिमा राख्दछन् । हाल त्यस्ता निकायहरूलाई झक्झकाउनेबारे कुनै उपाय अवलम्बन गरेको पाइँदैन ।

### ३.४.२ पर्याप्त प्रशिक्षणको अभाव

त्यसैगरी दोस्रो मुद्दा भनेको अनुसन्धान र संयोजनका लागि उपयुक्त प्रशिक्षण प्राप्त निकायहरूको अभाव हो । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अनुसन्धानका लागि आवश्यक सीप, चेतना र तालिम सहितका छुट्टै निकायहरू पनि छैनन् । धेरै अख्तियारप्राप्त निकायहरूका परम्परागत सोचमा बिस्तारै परिवर्तन आउँदैछ । तथापि भारतमा अझै पीडितहरूलाई समेत अनैतिक मानव बेचबिखन तथा ओसारपसार निरोध ऐन, १९५६ अन्तर्गत अपराधीकै रूपमा मुद्दा चलाइन्छ ।



### ३.४.३ पीडितलाई सल्लाह र सुझाव

पीडितको सहायताको लागि यो महत्त्वपूर्ण उपाय हो । अपराधीको विरुद्ध बयान दिने क्रममा पीडितले धेरै अप्ठ्यारा प्रश्नहरूको सामना गर्नु पर्ने हुनसक्छ । उचित सल्लाह र सुझावले

उनीहरूलाई यस्ता अप्ठ्यारा अग्निपरीक्षाको सामना गर्न बल प्रदान गर्छ। यस सन्दर्भमा अनुभवी तथा तालिम प्राप्त कर्मचारीसहितका गैर सरकारी सङ्घसंस्थाहरूको अत्यन्त महत्त्वपूर्ण भूमिका रहन्छ। तथापि जबसम्म राज्य मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दामा अस्पष्ट रहन्छ तबसम्म यस्ता गैर सरकारी सङ्घसंस्थाबाट सबैप्रकारका मानव बेचबिखन तथा ओसारपसारका समस्यामा नियमित सहायता लिन गाह्रो पर्दछ।

### ३.४.४ फिर्ता पठाउने कार्य

सीमा पारी हुने मानव बेचबिखन तथा ओसारपसारको सन्दर्भमा कानुनी व्यवस्थाले ध्यान दिन नसकेको अर्को पाटो भनेको पीडितलाई उसको सम्बन्धित वासस्थानमा फिर्ता पठाउने कार्य हो। राज्यले कुनै ध्यान नदिएको र केही गैरसरकारी संस्थाहरू मात्र यस कार्यमा संलग्न रहेको अवस्थामा पीडितलाई फिर्ता पठाउने उपायहरू अवलम्बन गर्नु जरुरी छ।

### ३.४.५ सम्मिलन

अर्को महत्त्वपूर्ण मुद्दा भनेको पीडितको सम्मिलन हो। कानुनका विद्यमान प्रावधानहरू अपर्याप्त भएको र त्यही पनि प्रभावकारी ढङ्गले कार्यान्वयन नभएको अवस्थामा, पीडितहरूले उद्धारपश्चात सामान्य जीवन जिउन सहायता नपाएको अवस्था छ। सहायता गैरसरकारी सङ्घसंस्थाको माध्यमबाट व्यवसायिक तालिमको रूपमा उपलब्ध गराउन सकिन्छ जसले उनीहरूको जिवीकोपार्जनका लागि सहायता पुऱ्याओस्। सम्मिलनसम्बन्धी व्यवस्था नभएको कारण उद्धार गरिएका पीडितहरू फेरि पनि मानव बेचबिखन तथा ओसारपसारका दलालको सिकार हुन पुग्दछन्।

परिच्छेद - ४

# नेपाल, भारत र बंगलादेशका कानुनी रूपरेखाको तुलनात्मक अध्ययन

## ४.१. अन्तर्राष्ट्रिय कानुन अनुमोदनको स्थिति

| नेपाल | भारत | बंगलादेश |
|---|---|---|
| • दासतासम्बन्धी महासन्धि, १९५३<br>• दासता, दास व्यापार, प्रथा तथा प्रचलनलगायत दासता जस्तै अन्य व्यवहार उन्मूलनसम्बन्धी सहयोगी महासन्धि, १९५६<br>• महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२<br>• नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६<br>• महिला विरुद्धका सबै प्रकारका विभेद अन्त गर्नेसम्बन्धी महासन्धि, १९७९<br>• बालबालिकाको अधिकारसम्बन्धी महासन्धि, १९८९/९०<br>• मानव बेचबिखन तथा ओसारपसार तथा अरुको वेश्यावृत्तिको शोषण नियन्त्रणसम्बन्धी महासन्धि, १९४९<br>• महिला विरुद्धका सबै प्रकारका विभेद अन्त गर्नेसम्बन्धी महासन्धि, १९७९ को अतिरिक्त आलेख, १९९० | • मानव बेचबिखन तथा ओसारपसार तथा अरूको वेश्यावृत्तिको शोषण नियन्त्रणसम्बन्धी महासन्धि, १९४९<br>• महिला विरुद्धका सबै प्रकारका विभेद अन्त गर्नेसम्बन्धी महासन्धि, १९७९<br>• बालबालिकाको अधिकारसम्बन्धी महासन्धि, १९८९<br><br>**क्षेत्रीय संयन्त्र**<br>वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको सङ्घर्ष तथा निरोधसम्बन्धी सार्क महासन्धि, २००२ मा हस्ताक्षर | • मानव बेचबिखन तथा ओसारपसार तथा वेश्यावृत्तिको शोषण नियन्त्रणसम्बन्धी महासन्धि, १९४९<br>• दासता, दास व्यापार, प्रथा तथा प्रचलनलगायत दासता जस्तै अन्य व्यवहार उन्मुलनसम्बन्धी सहयोगी महासन्धि, १९५६<br>• बालबालिकाको अधिकारसम्बन्धी महासन्धि, १९८९<br>• महिला विरुद्धका सबै प्रकारका विभेद अन्त गर्नेसम्बन्धी महासन्धि, १९७९<br>• बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र बाल अश्लिल चित्र प्रदर्शनी विरुद्ध अधिकारसम्बन्धी महासन्धिको अतिरिक्त आलेख, २०००<br>• अति निकृष्ट प्रकारको बाल श्रमको उन्मूलनका लागि तत्काल कारबाही तथा प्रतिबन्धसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम सङ्गठन ( महासन्धि -नं. १८२), १९९९<br>• वेश्यावृत्तिका लागि महिला |

| नेपाल | भारत | बंगलादेश |
|---|---|---|
| ● आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६<br><br>**अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धिहरू :**<br>● बँधुवा मजदुरसम्बन्धी महासन्धि (नं. १०५), १९३०<br>● अति निकृष्ट प्रकारको बाल श्रमसम्बन्धी महासन्धि (नं. १८२), १९९९<br><br>**क्षेत्रीय संयन्त्रहरू :**<br>वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको सङ्घर्ष तथा निरोधसम्बन्धी सार्क महासन्धि, २००२ मा हस्ताक्षर | | तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको सङ्घर्ष तथा निरोधसम्बन्धी सार्क महासन्धि, २००२ मा हस्ताक्षर ।<br>● आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६<br>● महिला विरुद्धका सबै प्रकारका विभेद अन्त गर्नेसम्बन्धी महासन्धि, १९७९ को अतिरिक्त आलेख, १९९०<br>● सम्पूर्ण बसाइँ सराइ भई आएका कामदार तथा उनीहरूका पारिवारिक सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०<br>● विवाहका लागि सहमति, न्यूनतम् उमेर र विवाह दर्तासम्बन्धी महासन्धि, १९६२<br>● बँधुवा मजदुर उन्मुलनसम्बन्धी महासन्धि, १९५७<br>● रोजगार तथा पेशामा विभेद विरुद्धको महासन्धि (नं. १११), १९५८<br>● समान ज्यालासम्बन्धी महासन्धि (नं. ११०), १९५१<br><br>**क्षेत्रीय संयन्त्रहरू :**<br>वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको सङ्घर्ष तथा निरोधसम्बन्धी सार्क महासन्धि, २००२ मा हस्ताक्षर |

## ४.२. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध, सजाय तथा निरोधसम्बन्धी कानुनी संरचनाको सवल पक्षहरू

| नेपाल | भारत | बंगलादेश |
|---|---|---|
| **संविधान**<br>● नेपालको अन्तरिम संविधान, २०६३ : अन्तरिम संविधानले मानव बेचबिखन तथा ओसारपसारलाई रोक लगाएको छ। प्रस्तावनाले सार्वजनिक नैतिकता प्रवर्द्धन गर्न जोड दिएको छ।<br>● अन्तरिम संविधानले मानव बेचबिखन तथा ओसारपसार र शोषणका विरुद्ध अधिकार प्रत्याभूत गर्छ र त्यस्ता कार्यहरूलाई कानुन बमोजिम सजाय गर्नुपर्छ भन्छ।<br>● महिला विरुद्धको यौन हिंसा विशेष उपायसहित सम्बोधन गर्नुपर्ने अपराध हो। | ● भारतको संविधान १९५० : मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सङ्घर्षका लागि बलियो संवैधानिक आधार प्रदान गर्छ। यसले कानुन अन्तर्गत सजाय हुने शोषण, मानव बेचबिखन तथा ओसारपसार, भिक्षा माग्ने र बँधुवा मजदुर विरुद्धको अधिकार प्रत्याभूत गर्छ। यसले १४ वर्षभन्दा मुनिका नाबालकलाई कारखाना, खानी तथा अन्य जोखिमपूर्ण रोजगारमा लगाउनबाट प्रतिबन्ध लगाउँछ। | ● बंगलादेशको संविधान : प्रत्येक व्यक्तिको जीवन तथा स्वतन्त्रताको संरक्षण (धारा ३२) को व्यवस्था गरी मानव बेचबिखन तथा ओसारपसार विरुद्धको सङ्घर्षका लागि कानुनी संरचना प्रदान गर्छ।<br>● धारा ३४ (१) ले कुनै पनि स्वरूपको बँधुवा मजदुरमा रोक लगाई शोषण विरुद्धको अधिकार प्रत्याभूत गर्छ।<br>● यसले पिछडिएका नागरिकका विकासका लागि तथा महिला र बालबालिकाको भलाइका लागि विशेष व्यवस्था गरेको छ।<br>● मौलिक हकसम्बन्धी व्यवस्थामा बँधुवा मजदुर तथा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको हकलाई मौलिक हकको रूपमा मान्यता दिएको छ। |
| **ऐन, कानुन**<br>● बालबालिकासम्बन्धी ऐन, १९९१ र बाल श्रम निषेध तथा नियन्त्रण ऐन, २००० ले १४ वर्ष भन्दा मुनिका बालबालिकालाई बँधुवा मजदुर, अश्लिल चित्र प्रदर्शन तथा यौन क्रियाकलाप जस्ता अनैतिक पेशाबाट सुरक्षा गर्नेसम्बन्धी विशेष व्यवस्था गरेका छन्। | ● भारतीय दण्ड संहिता, १८६० : यसले मानव बेचबिखन तथा ओसारपसारको उल्लेख नगरे पनि यससँग सम्बन्धित अपराधहरू जस्तै : अपहरण, बलजफती विवाहका लागि महिलाको अपहरण वा गहिरो चोट, दासता, नाबालक केटीहरूको खरिदबिक्री, कुनै व्यक्तिलाई दासको रूपमा | ● दण्ड संहिता, १८६० : दफा ३४२, ३४६, ३६४ (क), ३६५, ३६६ (क) र ३७१ मा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित विभिन्न प्रकारका अपराधहरूसम्बन्धी व्यवस्था गर्छ।<br>● अनैतिक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण |

| नेपाल | भारत | बंगलादेश |
|---|---|---|
| • अन्तर्राष्ट्रिय संयन्त्र बमोजिमको दायित्त्व बोध : नेपाल प्रायः सबै प्रकारका आधारभूत मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष राष्ट्र भएको छ र सन्धि ऐन, २०४७ को दफा ९ (१) मा घरेलु कानुन र नेपाल पक्षमा भएका अन्तर्राष्ट्रिय कानुन बाझिएमा अन्तर्राष्ट्रिय कानुन लागू हुने व्यवस्था छ ।<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ : यो नयाँ कानुनले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन तथा पुर्पक्षका लागि नयाँ कार्यविधिहरू तय गरेको छ । ऐनका केही महत्त्वपूर्ण प्रावधानहरू यस प्रकार छन् :<br>• न्यायमा पहुँच : पीडितको न्यायमाथिको पहुँचलाई समान रूपमा प्रत्याभूत गर्छ । उनीहरूको मानसिक र आर्थिक पुनर्स्थापना गर्नु न्यायको सरोकारको विषयवस्तु हो ।<br>• कानुनद्वारा दण्डित : मानव बेचबिखन तथा ओसारपसारलाई राज्यविरुद्धको अपराध मानिएको छ ।<br>• बाह्य क्षेत्राधिकार : ऐनले देशको सीमाबाहिर बेचबिखन तथा ओसारपसारमा संलग्न नेपाली नागरिक दोषीमाथि कारबाही गर्ने क्षेत्राधिकार | बेचबिखन गर्नु वा नाबालकलाई वेश्यावृत्तिका लागि बेचबिखन गर्ने कार्यलाई सजाय गर्ने व्यवस्था गरेको छ ।<br>• बँधुवा मजदुर उन्मूलन ऐन, १९७६ ले बँधुवा मजदुर उन्मूलनको उद्देश्य राख्दछ ।<br>• अनैतिक बेचबिखन तथा ओसारपसार (निरोध) ऐन, १९५६ ले महिला तथा बालिकाहरूलाई शोषणबाट उद्धार गर्ने र वेश्यावृत्ति उन्मूलन गर्ने लक्ष्य राख्दछ । यसले पीडितको पुनर्स्थापनाका लागि संरक्षण गृह स्थापना गर्ने व्यवस्था गर्छ ।<br>• मानव अङ्ग प्रत्यारोपणसम्बन्धी ऐन, १९९४ ले मानव अङ्गको व्यवसायिक कारोबारमाथि प्रतिबन्ध लगाउँछ ।<br>• बाल न्याय : बालबालिकाको हेरचाह तथा संरक्षण ऐन, २००० ले बाल कल्याण समिति तथा सबै जिल्लाहरूमा बाल न्याय समिति स्थापना गर्नु पर्ने व्यवस्था गर्छ । यसले बेचबिखन तथा ओसारपसारमा पर्न सक्ने, दुर्व्यवहार, यातना तथा यौनशोषण र अन्य अवैध कार्यमा लगाउन सकिने बालबालिकाको सहायताका लागि काम गर्छ ।<br>• गोवा बालबालिकासम्बन्धी ऐन, २००३ : यो मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध व्यापक रूपमा कारबाही गर्ने एकमात्र ऐन हो । यसले बाल | ऐन, १९३३ : महिला तथा बालिकाहरूको अनैतिक उद्देश्यका लागि ओसारपसार तथा बेचबिखन र वेश्यालय नियन्त्रणका लागि यो ऐन लागु गरिएको थियो ।<br>• बालबालिकासम्बन्धी ऐन, १९७४ ले बालबालिकाप्रति अनुकूल व्यवहार तथा संरक्षणसम्बन्धी व्यवस्था गर्छ र नाबालक अपराधीहरूलाई बाल इजलासमार्फत पुर्पक्ष तथा सजाय गर्छ ।<br>• महिला तथा बालबालिका विरुद्ध उत्पीडन निरोधसम्बन्धी ऐन, २००० ले दफा ५ र ६ मा महिला तथा बालबालिकाको वेश्यावृत्ति तथा अन्य अनैतिक उद्देश्यका लागि हुने बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी व्यवस्था गर्छ । यसको सन् २००३ को संशोधनले समयभित्र अनुसन्धान नगर्ने अनुसन्धान अधिकृतलाई जवाफदेही बनाउँछ । यसले बन्द इजलासको पनि व्यवस्था गरेको छ । साथै सुरक्षित हिरासत, महिला तथा बालबालिकाको कल्याण तथा हितमा उनीहरूको अभिव्यक्तिलाई स्वीकार गर्ने व्यवस्था गरेको छ ।<br>• बंगलादेश श्रम संहिता २००६ : यसले बालबालिका तथा नाबालकलाई रोजगारमा लगाउन प्रतिबन्ध लगाउँछ ।<br>• बंगलादेशको मानव बेचबिखन |

| नेपाल | भारत | बंगलादेश |
|---|---|---|
| ग्रहण गर्छ ।<br>● पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्छ र क्षतिपूर्तिका लागि कोषको व्यवस्था गर्छ । | यौन पर्यटनसम्बन्धी विशेष व्यवस्था गर्छ । बाल यौन दुरूपयोगसम्बन्धी अपराधलाई धरौटीमा छाड्न नमिल्ने व्यवस्था गर्छ । तर यो ऐन गोवा राज्यमा मात्र लागू हुन्छ ।<br>● सूचना प्रविधि ऐन, २००० : यसले बासनाजन्य तथा वेशनी स्वार्थहरू प्रवर्द्धन गर्ने विद्युतीय सूचनाहरू जस्तै : अश्लील चित्र प्रकाशन तथा प्रसारणलाई दण्ड सजाय गर्छ ।<br>● विशेष प्रहरी अधिकृत र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रक प्रहरी अधिकृतहरूले मानव बेचबिखन तथा ओसारपसार हुन लागेको विश्वास हुने कारण देखेमा जुनसुकै बखत पुर्जीबिना नै खानतलासी लिन सक्छ ।<br>● नाबालक पीडितको गोप्यता कायम गर्ने कार्य बाल न्याय - बालबालिकाको हेरचार तथा संरक्षणसम्बन्धी ऐन, २००० ले गर्छ । यस ऐन अनुसार नाबालक पीडित कुनै पनि तरिकाबाट पत्रपत्रिका, दृश्य माध्यमबाट सार्वजनिक गराइनु हुन्न । गोवा बालबालिकासम्बन्धी ऐनले नाबालक पीडितको गोप्यता संरक्षणका लागि बन्द इजलासमा पुर्पक्षको व्यवस्था गर्छ । | तथा ओसारपसारका विरुद्ध सहयोगी अन्य कानुनहरू :<br>● बालबालिका (श्रमका लागि आग्रह)सम्बन्धी ऐन, १९३३ ।<br>● बालबालिकाको रोजगारसम्बन्धी ऐन, १९३८<br>● न्यूनतम ज्यालासम्बन्धी अध्यादेश, १९६१<br>● सुपुर्दगीसम्बन्धी ऐन, १९७४<br>● प्राथमिक शिक्षा ऐन, १९९० |

## ४.३. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध, सजाय तथा निरोधसम्बन्धी कानुनी संरचनाको दुर्बल पक्षहरू

| नेपाल | भारत | बंगलादेश |
|---|---|---|
| • कानुन अपराधीलाई सजाय गर्ने विषयमा मात्र केन्द्रित भएको देखिन्छ । यसले मानव बेचबिखन तथा ओसारपसारलाई दासता तथा दास व्यापारको दृष्टिकोणले नहेरेर नैतिक मूल्य र मान्यतासँग जोडेर हेरेको हुँदा कानुनले मानव सम्मानको सुरक्षाका लागि खासै चासो नदेखाएको स्पष्ट हुन्छ ।<br>• मानव बेचबिखन तथा ओसारपसारको सन्दर्भमा अभियुक्तलाई अपराध प्रमाणित हुनु पहिले नै दोषी मान्ने व्यवस्था छ । जुन नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १४(२) को विपरीत छ र यसले अनुसन्धानकर्ता तथा अभियोजनकर्तालाई प्रमाण प्रस्तुत गरी शङ्कारहित तवरबाट अपराध प्रमाणित गर्नुपर्ने दायित्वबाट उन्मुक्ति दिन्छ ।<br>• अभियोजनको सफलताको दर अत्यन्त न्यून छ जुन मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी सम्पूर्ण मुद्दाको ४० प्रतिशत मात्र छ । यसले अनुसन्धान तथा अभियोजनको गुणस्तरमाथि गम्भीर प्रश्न उठाएको छ ।<br>• प्रमाण ऐनले फौजदारी अपराधहरूलाई आवश्यकभन्दा बढी सामान्यकरण गरेको छ । ऐन पीडितलाई संरक्षण तथा | • मानव बेचबिखन तथा ओसारपसारलाई परिभाषित गर्ने कुनै राष्ट्रिय कानुन छैन । केवल राज्यस्तरीय कानुन गोवा बालबालिकासम्बन्धी ऐन, २००३ रहेको छ ।<br>• भारतले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा मानवअधिकारसम्बन्धी धेरै अन्तर्राष्ट्रिय कानुनहरूमा हस्ताक्षर गरे तापनि तिनीहरूलाई प्रभावकारी ढङ्गले घरेलु कानुनमा समावेश गरेको छैन ।<br>• मानव बेचबिखन तथा ओसारपसारलाई व्यवसायिक यौनशोषणको दृष्टिकोणले मात्र हेर्ने परम्पराका कारण अन्य स्वरूपका मानव बेचबिखन तथा ओसारपसार ओझेलमा परी कारबाहीबाट उन्मुक्ति पाएका छन् ।<br>• बालश्रम (निषेध तथा नियन्त्रण)सम्बन्धी ऐन, १९८६ ले बालबालिकालाई केही जोखिमपूर्ण पेशा वा रोजगारीमा लगाउने कार्यलाई निषेध गर्छ तर बालश्रमलाई पूर्ण रूपले निषेध नगर्ने भएकाले उनीहरू मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूको हातमा परी बँधुवा मजदुर बन्न बाध्य पारिन्छन् ।<br>• अनैतिक मानव बेचबिखन तथा ओसारपसार (निरोध) ऐन, १९५६, मानव बेचबिखन तथा ओसारपसारलाई | • बंगलादेशको संविधानले मानव बेचबिखन तथा ओसारपसारको परिभाषासम्बन्धी कुनै व्यवस्था गरेको छैन ।<br>• बंगलादेश मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा मानवअधिकारसम्बन्धी अनगिन्ती कानुनहरूको पक्ष राष्ट्र भएपनि Dualist Theory बमोजिम ती कानुनहरूलाई घरेलु कानुनमा रूपान्तरण नगरी प्रत्यक्ष रूपमा लागू गरिन्छ ।<br>• दण्ड संहिता, १८६० मा बाल अश्लील चित्र प्रदर्शनी नियन्त्रणसम्बन्धी कुनै व्यवस्था छैन । यसले हाडनाता करणी, यौन पर्यटन तथा अङ्ग व्यापारसम्बन्धी कुनै व्यवस्था गर्दैन ।<br>• बालबालिका (श्रमको आग्रह)सम्बन्धी ऐन, १९३३ खासै कार्यान्वयन हुन सकेको छैन ।<br>• अनैतिक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी ऐन, १९३३ ले १८ वर्षभन्दा माथिका महिलालाई स्वेच्छाले वेश्यावृत्तिमा लाग्नबाट रोक लगाएको छैन । वेश्यावृत्तिलाई दण्डनीय नबनाउने उक्त व्यवस्था बंगलादेशको संविधानको धारा १८(२) सँग बाझिएको छ । महिला तथा बालबालिकामाथि उत्पीडन निरोधसम्बन्धी ऐन, २००० ले मानव बेचबिखन तथा |

| नेपाल | भारत | बंगलादेश |
| --- | --- | --- |
| गम्भीर उपचारको जरुरी पर्ने विशेष प्रकृतिका अपराधहरू जस्तै, मानव बेचबिखन तथा ओसारपसार, बलात्कार, हाडनाता करणी आदि अपराधहरूका बारेमा विशेष व्यवस्था गर्न असफल रहेको छ ।<br>• शक्ति-पृथकीकरणको सिद्धान्तलाई प्राथमिकताका साथ अपनाए पनि फौजदारी न्यायका विविध कर्ताहरूबीच व्यवस्थित संयोजन तथा सन्तुलनको अभाव रहेको छ ।<br>• मानव बेचबिखन तथा ओसारपसारले बढ्दो रूपमा साङ्गठनिक अपराधको स्वरूप ग्रहण गरिरहेको अवस्था छ । यस समस्याबारे अनभिज्ञ नेपालको फौजदारी न्याय प्रणालीमा यो समस्या समाधानका लागि कुनै व्यवस्था छैन ।<br>• पुनर्स्थापनासम्बन्धी न्यायलाई पूर्ण रूपमा बेवास्ता गरिएको छ । त्यसैले फौजदारी कारबाहीमा पीडितको सरोकार प्रतिविम्बित हुँदैन ।<br>• मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा मानव बेचबिखन तथा ओसारपसार को एकदम सङ्कुचित परिभाषा गरिएको छ । यसले पीडितको हकहितको पक्षलाई मानवअधिकारको दृष्टिकोणले बेवास्ता गरेको छ । यसले समेत मानव बेचबिखन तथा ओसारपसारलाई पीडितको मानवअधिकारको उल्लङ्घनको दृष्टिकोणबाट हेरेको छैन । | परिभाषित नगरी केही कार्यहरूलाई अवैध घोषणा गरी वेश्यावृत्तिका सम्बन्धमा मात्र केन्द्रित देखिन्छ । ऐन गम्भीर सारभूत तथा कार्यविधिगत कमजोरीबाट ग्रस्त छ र यो संशोधनको प्रक्रियामा छ ।<br>• बाह्य क्षेत्राधिकार : अनैतिक मानव बेचबिखन तथा ओसारपसार (निरोध)सम्बन्धी ऐन, १९५६ ले बाह्य क्षेत्राधिकारसम्बन्धी कुनै व्यवस्था गरेको छैन । अर्को शब्दमा भन्नुपर्दा उक्त ऐनमा भारतीय सीमापारी गई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध गरी भारतमा नै फर्की आउनेको विरुद्ध अनुसन्धान, अभियोजन तथा सजाय गर्ने कुनै व्यवस्था छैन ।<br>• मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित मुद्दाहरूको सुनुवाइ प्रायः फौजदारी अपराधको सुनुवाई गर्ने सामान्य अदालतमा गरिन्छ कुनै विशेष व्यवस्था छैन ।<br>• भारतमा अझै पनि अनौपचारिक क्षेत्रमा संलग्न श्रमिक तथा घरेलु कामदारको अधिकार संरक्षणका लागि कुनै श्रम कानुन छैन । अनौपचारिक श्रमका क्षेत्र तथा घरेलु श्रमको क्षेत्र यस्ता क्षेत्र हुन् जहाँ श्रमका लागि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार गरिन्छ ।<br>• मानव अङ्ग | ओसारपसारसम्बन्धी अपराधका साक्षीहरूको सुरक्षा तथा संरक्षणको बारेमा कुनै व्यवस्था गरेको छैन । वेश्यावृत्तिको सन्दर्भमा पिम्प तथा दलालहरूलाई कारबाही गर्ने व्यवस्था छ तर ग्राहकलाई कारबाही गर्ने व्यवस्था छैन । उक्त कानुन संयुक्त राष्ट्रसङ्घको बालबालिकासम्बन्धी महासन्धि, १९८९ सँग पनि बालबालिकाको परिभाषाको सन्दर्भमा एकरूप छैन ।<br>• मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई हल गर्नका लागि मात्र भनेर कुनै पनि कानुन छैन । उपलब्ध कानुनी संरचनाहरू कानुन कार्यान्वयनका निकायहरू तथा मानव बेचबिखन तथा ओसारपसार लाई अपराधीकरण गर्ने तर्फ मात्र सरोकार राख्छन् । मानव बेचबिखन तथा ओसारपसार रोक्ने तर्फ भने कुनै संरचनाको व्यवस्था गर्दैनन् ।<br>• उपलब्ध कानुनहरू बालबालिकाहरूको अधिकार संरक्षण गर्दै उनीहरूको जोखिम न्यून गर्ने उपायहरूतर्फ अपूर्ण छन् ।<br>• बंगलादेशका उपलब्ध कानुनहरू बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई फिर्ता पठाउने तथा पुनर्स्थापना गर्नेबारे स्पष्ट छैनन् ।<br>• मानव बेचबिखन तथा ओसारपसार सँग सम्बन्धित मुद्दाहरू अनुसन्धानका लागि पर्याप्त ज्ञान, सीप र तालिम |

| नेपाल | भारत | बंगलादेश |
|---|---|---|
| • लैगिक अधिकार तथा गम्भीरताका साथै गोप्यतासम्बन्धी मुद्दाहरूलाई पनि नेपालको मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानुनले सम्बोधन गर्न सकेको छैन । पीडितलाई पीडकहरूको विरुद्ध संरक्षण गर्ने तथा उनीहरूको गोप्यतासम्बन्धी अधिकारलाई पूर्ण रूपले बेवास्ता गरिएको छ ।<br>• ऐनले पुर्पक्षको क्रममा दोषी मान्ने प्रावधान ग्रहण गरेबाट अनुसन्धान कर्ता तथा अभियोजनकर्ताको सक्षमता तथा व्यवसायिकतालाई गम्भीर रूपमा अवमूल्यन गरेको छ ।<br>• नेपालमा बँधुवा मजदुर, बालबालिकाको अश्लिल चित्र प्रदर्शनी तथा बाल यौन दुराचार विरुद्ध कुनै विशेष कानुनी व्यवस्था छैन । | प्रत्यारोपणसम्बन्धी ऐन, १९९४ प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको कारण अङ्ग प्रत्यारोपणको उद्देश्यले हुने अवैध मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण हुन सकेको छैन ।<br>• कानुन कार्यान्वयन गर्ने निकायहरूसँग मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अनुसन्धान तथा पुर्पक्षका लागि आवश्यक निर्देशिकाहरूको अभाव छ ।<br>• फौजदारी न्याय प्रणालीका सबै तहमा पीडित दोस्रो पटक फेरि पनि पीडित बनाइन्छ । | हासिल गरेका जनशक्ति सहितका छुट्टै निकायको व्यवस्था छैन ।<br>• मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित मुद्दा अरू मुद्दाभैं खुल्ला इजलासमा सुनुवाइ गरिन्छ र कुनै विशेष व्यवहार वा कार्यविधि अपनाइँदैन । तर महिला तथा बालबालिका विरुद्ध उत्पीडन नियन्त्रणसम्बन्धी ऐन, २००३ ले यस ऐनअन्तर्गतका अपराधहरूको बन्द इजलासमा सुनुवाइ गर्नु पर्ने व्यवस्था गरेको छ ।<br>• प्रमाण ऐन, १८७२ ले राज्यमाथि मानव बेचबिखन तथा ओसारपसारका अभियुक्तहरू विरुद्धको अपराध शङ्कारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व थोपरेको छ । यसले गर्दा शङ्कारहित तवरले अपराध प्रमाणित गर्न नसक्दा मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरू दण्ड सजायबाट बच्दछन् ।<br>• फौजदारी कार्यविधि संहिताको दफा १५४ मा व्यवस्था गरिएको जाहेरी दर्खास्तलाई सारभूत प्रमाणको रूपमा मानिँदैन ।<br>• बंगलादेशका सारवान तथा कार्यविधि कानुहरूका सम्पूर्ण संरचनाले मानव बेचबिखन तथा ओसारपसारका अपराधलाई पीडित न्यायशास्त्रको दृष्टिकोणले हेर्न सकेको छैन ।<br>• प्रश्न गर्ने तरिका र लामो तथा कठिन कानुनी प्रक्रियाका कारण पीडितलाई बारम्बार पीडित हुनुपरिरहेको हुन्छ । |

भाग २

# विभिन्न तहमा प्रभावकारी वकालतको कार्यान्वयनका लागि गर्नुपर्ने क्रियाकलापहरू र अधिकारमा आधारित भएर सञ्चालन हुने कार्यक्रमको असर अनुगमनका लागि संयन्त्रहरू



## १. अधिकारमा आधारित उपायका लागि प्रशिक्षण तथा सचेतना कार्यक्रम

देहायका प्रशिक्षण वा अधिकारमा आधारित उपायका बहससँग सम्बन्धित अन्य क्रियाकलाप कार्यान्वयनका लागि यस दिग्दर्शनको प्रयोग लाभदायक हुन्छ ।

### प्रशिक्षण प्रक्रिया

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अधिकारमा आधारित उपायको चेतना अभिवृद्धि तथा बहससँग सम्बन्धित अन्य क्रियाकलाप वा प्रशिक्षण कार्यान्वयनका लागि यो दिग्दर्शन उपयोगी हुन्छ ।

दिग्दर्शनले व्यवस्थित प्रशिक्षण प्रक्रियाको एउटा खाका तयार गर्छ जसले प्रशिक्षणको उद्देश्यमा केन्द्रित विस्तृत उपायको प्रत्याभूति गर्छ । यस प्रक्रियाका निम्नलिखित अवस्थाहरू हुन्छन् ।

१. प्रशिक्षार्थीहरूको आवश्यकताको विश्लेषण गरी प्रशिक्षणको आवश्यकताको पहिचान गर्ने जसले प्रशिक्षार्थीहरूलाई ज्ञान तथा सीपले सुसज्जित पार्छ ।

२. प्रशिक्षण दिने तथा लिनेले सिक्ने लक्ष्य हासिल गर्ने उद्देश्य कार्यान्वयन गर्नका लागि प्रशिक्षण प्रणालीको ढाँचा तयार गर्ने जसमा सिकाइका उद्देश्यको पहिचान, आवश्यक सुविधाहरू, आवश्यक कोष, तालिमका विषयवस्तु, पाठ र पाठका श्रृङ्खला पर्दछन् ।

३. स्रोत तथा सन्दर्भ-सामग्रीको प्रशिक्षण प्याकेज तयार गर्ने (उदाहरणका लागि श्रव्यदृश्य चित्रपट, ग्राफिक्स, दिग्दर्शन, पोस्टर आदि) ।


४. प्रशिक्षण सामग्रीको कार्यान्वयन/हस्तान्तरण गर्ने जसमा प्रशिक्षण गर्ने, सहयोगी समूहको पृष्ठपोषण, तालिमसामग्रीको स्पष्ट वर्णन तथा अन्तिम मूल्याङ्कन पर्दछन् ।

५. तालिमको कार्यान्वयन क्रममा तथा अघि र पछि तालिमको मूल्याङ्कन गर्ने ।

### प्रशिक्षण पद्धति

प्रशिक्षण कार्यक्रममा तार्किक श्रृङ्खला हुनु अत्यन्त जरुरी छ । प्रशिक्षकलाई तर्कपूर्ण लागेको कुरा प्रशिक्षार्थीलाई तर्कपूर्ण नलाग्न पनि सक्छ । त्यसकारण विशेषज्ञ, सिद्धान्त विज्ञ, प्रयोगकर्ता वा अनुसन्धानकर्ता भन्दा पनि प्रशिक्षार्थीहरूको दृष्टिकोणमा के कुरा तर्कपूर्ण छ, त्यसलाई ध्यान दिनुपर्छ । योजना बनाउनुअगाडि मानिसहरूले कसरी सिक्दछन् भन्ने कुरा मस्तिष्कमा राख्नुपर्छ, जस्तै;

- ज्ञानबाट अज्ञानतिर बढेर
- सरलबाट जटिलतिर बढेर
- ठोसबाट शून्यतिर बढेर
- अवलोकनबाट सिद्धान्ततिर बढेर
- सामान्यबाट विशेषतिर बढेर




## प्रशिक्षणका लागि सहयोगी सामग्रीहरू

उपयुक्त सहयोगी सामग्रीहरूको प्रयोगले प्रशिक्षणको गुणात्मक वृद्धि गर्छ। प्रभावकारी रूपमा प्रयोग गर्न सकिने केही प्रशिक्षणका सहयोगी सामग्रीहरू यस प्रकार छन्:-

- फिल्म, स्लाइड, प्रोजेक्टर, चलचित्र, तस्बिर
- चार्ट, ग्राफ, पिक्टोग्राम (चित्रपट)
- पम्प्लेट, ब्रोसर, हातेपुस्तिका, दिग्दर्शन
- पुस्तकालय तथा पढ्ने कोठा
- प्रदर्शन, पोस्टर र प्रस्तुती
- सूचना पाटी, बुलेटिन पाटी, ठूलो पारिएको चित्र
- कार्टुन, कमिक पुस्तिका, पुस्तक

माथि उल्लेखित कुरालाई तल दिएको तालिकामा अझ स्पष्टसँग प्रस्तुत गरिएको छ।

**प्रशिक्षण कार्यक्रमको तालिका**



## २. मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अधिकारमा आधारित उपायसम्बन्धी साल्स फोरमका मुख्य पदाधिकारीहरूमा केन्द्रित प्रशिक्षकहरूका लागि प्रशिक्षण कार्यक्रम

यो प्रशिक्षक-प्रशिक्षण कार्यक्रम मानव बेचबिखन तथा ओसारपसार विरुद्धका अधिकारमा आधारित रणनीतिक क्रियाकलाप विकास गर्ने र कार्यान्वयन गर्ने जिम्मेवारीमा रहेका साल्स फोरमका प्रमुख समूहका पदाधिकारीहरूलाई प्रदान गरिन्छ । प्रमुख समूहभित्र प्राध्यापक, परियोजना स्टाफ र कानुनका उपल्लो तहका विद्यार्थीहरू पर्दछन् जसले पछि गएर सम्बन्धित सरोकारवालाहरू, विभिन्न कानुन कार्यान्वयन गर्ने अधिकारीहरू, पारालिगल, HRDS/ATU सदस्यहरू, समुदायका मानिसहरू तथा कानुनदेखि बाहेक अन्य विषयका विद्यार्थीहरूलाई तालिम प्रदान गर्ने कार्य गर्छन् । प्रमुख तालिमदाताहरूले यो दिग्दर्शन तालिम दिनका लागि सन्दर्भ-सामग्रीको रूपमा प्रयोग गर्नेछन् ।

### २.१. प्रशिक्षकहरूका लागि प्रशिक्षण (TOT)

प्रशिक्षकहरूका लागि प्रशिक्षण कार्यक्रमले देहायका उद्देश्यहरू पूरा गर्नेछन् :

क) दक्षिण एसियामा मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध प्रत्येक सरोकारवालाहरूमाझ अधिकारमा आधारित उपयोगकाबारे सचेतना फैलाउन साल्स फोरमलाई सक्रिय पार्ने ।

ख) अधिकारमा आधारित उपायबाट मानव बेचबिखन तथा ओसारपसारलाई रोक्न तथा पीडितलाई उद्धार गर्न योगदान पुऱ्याउने ।

ग) वर्तमान परियोजनाको क्षेत्राधिकार अन्तर्गत सञ्चालित क्षेत्रीय अध्ययन तथा क्रियाकलापहरूका अवधारणा तथा सूचनाको प्रचार-प्रसार गर्ने ।

#### प्रशिक्षणका विषयवस्तुहरू

प्रशिक्षणले देहायका विषयवस्तुहरू सम्बोधन गर्नेछ :

१. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी आलेख, २००० ले गरेको मानव ओसारपसारको परिभाषालाई सम्पूर्ण क्षेत्रमा एउटा साझा मापदण्ड मान्ने,

२. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी विवाद, भिन्नता र अनमेल परिभाषा सम्बोधन गर्ने,

३. मानव बेचबिखन तथा ओसारपसारको अर्थमा अवधारणागत स्पष्टता, मानव बेचबिखन तथा ओसारपसारलाई वेश्यावृत्ति, बसाइँ सराइ तथा मानव तस्करीबाट अलग्याउने,

४. नेपाल, भारत र बंगलादेशमा व्याप्त मानव बेचबिखन तथा ओसारपसारका स्वरूपहरू पहिचान गर्ने

५. मानव बेचबिखन तथा ओसारपसारका कारक तत्त्वहरू पहिचान गर्ने,

६. मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूको सन्दर्भमा लैङ्गिक तथा वाल न्यायको प्रयोग गर्ने,

७. अधिकारमा आधारित मानव बेचबिखन तथा ओसारपसार विरुद्धको सङ्घर्षलाई प्रवर्द्धन गर्ने अन्तर्राष्ट्रिय संयन्त्रहरू कार्यान्वयन गर्ने,

८. तीनवटै देशहरूमा मानव बेचबिखन तथा ओसारपसार अपराधसँग सम्बन्धित सारवान् तथा कार्यविधि कानुनका संयन्त्रयहरू तयार गर्ने,

९. सम्बन्धित सरोकारवाला, विशेष गरी कानुन कार्यान्वयन गर्ने निकायहरूका जिम्मेवारी तथा भूमिका तय गर्ने,

१०. अधिकारमा आधारित अनुसन्धान, अभियोजन तथा पुर्पक्षका कार्यविधिहरूको अनुगमन तथा मूल्याङ्कनका मापदण्डहरू तयार गर्ने,

११. मानव बेचबिखन तथा ओसारपसारका पीडित तथा जीवितहरूको पुनर्स्थापना, फिर्ता र सम्मिलन गर्न सघाउने ।

## प्रशिक्षण पद्दति

प्रमुख समूहमा प्राध्यापक, परियोजना कर्मचारी र कानुनका उपल्लोतहका विद्यार्थीहरू रहन्छन् । समूहको प्रशिक्षणमा अवधारणागत स्पष्टता र मानव बेचबिखन तथा ओसारपसारका कारक तत्त्वबारे स्पष्ट गरिन्छ । तर आधारभूत विषयवस्तुको सम्बोधनपश्चात, प्रशिक्षणको मुख्य जोड मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित सारवान् र कार्यविधि कानुनको व्यवस्थामा नै रहन्छ । पुनर्स्थापना र फिर्ता पठाउने जस्ता पक्षहरूबारे पनि छलफल गरिनेछ ।

प्रशिक्षणको यस पद्धतिमा सहभागीहरूको शिक्षाको स्तरलाई पनि ध्यानमा राखी छलफललाई अन्तर्क्रियात्मक बनाइनेछ । घटनाको अध्ययन गरी अनुभव साट्ने काम पनि गरिनेछ ।

प्रशिक्षणका सहयोगी सामग्रीहरू पनि ध्यानपूर्वक आवश्यकताअनुसार छानिनेछ । उदाहरणका लागि फिल्म, कानुनका पुस्तकहरू, अनेकौं देशहरूका केही सम्बद्ध फैसलाहरू, चार्ट, पोस्टर, पम्प्लेट आदि ।

## प्रशिक्षण मूल्याङ्कन

प्रशिक्षणको प्रभावकारिताको मूल्याङ्कन यस प्रकार गरिन्छ:

१. सहभागीहरूले प्रशिक्षणमा प्रदान गरिएको सूचना तथा ज्ञानको निर्धारण आफैं गर्नेछन् ।
२. सहभागीहरूले प्रशिक्षणको सुधारका लागि सुझाव र सल्लाह प्रदान गर्नेछन् ।
३. सहभागीहरूले समुदायमा अधिकारमा आधारित बहसको सुरुवात गर्न कार्ययोजना विकास गर्नेछन् ।
४. प्रशिक्षकहरूले प्रशिक्षणको क्रममा प्रदान गरिएको विषयवस्तुहरूको बुझाइबारे सोधपुछ गर्नेछन् ।

## प्रशिक्षणको उपलब्धि

१. सहभागीहरू मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध अधिकारमा आधारित उपायका बारे परिचित हुनेछन् र स्थानीय तहमा बहसको सुरुवात गर्नेछन् ।
२. अधिकारमा आधारित उपायमा आधारित भई स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अभियान सञ्चालन गर्न सहभागीहरूको क्षमता, ज्ञान र सीप विकास हुनेछ ।
३. लैङ्गिक तथा बाल पीडितमुखी दृष्टिकोणबाट अनुशिक्षित हुनेछन् ।
४. मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूका अनुसन्धान तथा अभियोजनमा संलग्न कानुन कार्यान्वयन गर्ने अधिकारीहरू प्रशिक्षण प्राप्त छन् भन्ने कुरामा विश्वस्त हुनेछन् । तालिम बेचबिखन तथा ओसारपसारमा परेकाहरू, विशेषगरी महिला तथा बालबालिकाहरूको आवश्यकताकाबारे सतर्क हुनुपर्छ र बेचबिखन तथा ओसारपसारमा परेकाहरूलाई क्षतिपूर्ति तथा त्यसको सूचना दिनेलाई पुरस्कार दिने व्यवस्था गर्नुपर्छ भन्ने कुरा मनन गर्नेछन् ।
५. उद्धार कार्यले मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरूको अधिकार र सम्मानमा आघात पुग्दैन भन्ने कुराको प्रत्याभूति कार्यान्वयनका उपायहरूमा हुनेछन् । त्यस्ता उद्धार कार्यहरूमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूका आवश्यकताहरू सम्बोधनका लागि उपयुक्त तथा पर्याप्त कार्यविधि अवलम्बन गरिएको छ भन्ने कुरामा विश्वस्त भएपछि मात्र सञ्चालन गरिनेछन् ।
६. सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार मानवअधिकार उल्लङ्घनसम्बन्धी अपराध हो भनी बुझ्दछन् ।
७. कानुनी प्रावधान तथा कार्यविधिगत विषयवस्तुहरूको प्रयोगबारे पीडित केन्द्रित

भई पर्याप्त र उपयुक्त जानकारी राख्दछन् ।

८. मानव बेचबिखन तथा ओसारपसार विरुद्धको 3'P' हरू जस्तौ Prevention (निरोध), Prosecution (अभियोजन) र Protection ( संरक्षण) बारे बुझ्नेछन् ।

९. कानुन कार्यान्वयनका निकायहरूलाई गैर सरकारी संस्थाहरूसित साझेदारीमा काम गर्न प्रेरणा मिल्नेछ जसले गर्दा बेचबिखन तथा ओसारपसारमा परेकाहरूलाई आवश्यक सहयोग र सहायताको प्रत्याभूति मिल्छ ।

---

## २.२. HRDS/ATU सदस्यहरूलाई प्रशिक्षण

प्रमुख समूहका प्रशिक्षण प्राप्त सदस्यहरूले HRDS / ATU सदस्यहरूलाई अधिकारमा आधारित उपायद्वारा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियानबारे तालिम दिनेछन् । HRDS मा विभिन्न पेसाका प्रतिनिधिहरू जस्तै प्रहरी, समूहमा आधारित संस्था, गैरसरकारी संस्था, पत्रकार, अभियोजनकर्ता, कानुन व्यवसायी, अधिकारकर्मी, पारालिगल आदिको संलग्नता रहन्छ । प्रशिक्षणले उनीहरूलाई अधिकारमा आधारित उपायलाई ध्यानमा राखी संयोजित ढङ्गले मानव ओसारपसार तथा बेचबखिनको समस्यालाई सम्बोधन गर्ने र पीडितको अधिकार संरक्षण गर्ने कार्यका लागि स्पष्ट निर्देशन प्रदान गर्छ ।

प्रशिक्षकहरूले क्षेत्रीय दिग्दर्शन, नेपाल, भारत र बंगलादेश च्याप्टर सन्दर्भ-सामग्रीको रूपमा प्रयोग गर्नेछन् ।

### प्रशिक्षणको उद्देश्य

प्रशिक्षणले देहायका उद्देश्यहरू सम्बोधन गर्नेछ :

- नेपाल, भारत र बंगलादेशको परिप्रेक्ष्यमा रहेर पीडितको हितको दृष्टिकोणबाट फौजदारी न्यायमा विशेष केन्द्रित भई अधिकारमा आधारित उपायबारे सहभागीहरूलाई जागरुक बनाउने ।
- सहभागीहरूलाई मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूका अधिकार तथा सम्बन्धित सरोकारवालाहरूको कर्तव्यबारे जागरुक गराई पीडितको न्यायमा पहुँच तथा सामाजिक सम्मिलनमा योगदान पुऱ्याउने ।
- सहभागीहरूको दैनिक कारबाही तथा क्रियाकलापहरू जस्तै; उद्धार गर्ने, फिर्ता पठाउने, अपराध अनुसन्धान गर्ने, अभियोजन गर्ने र पीडितको सामाजिक सम्मिलन गर्ने जस्ता कार्यहरूको अधिकारमा आधारित उपायद्वारा कार्यान्वयनका लागि योगदान पुऱ्याउने ।

### प्रशिक्षणका विषयवस्तुहरू

यस प्रशिक्षणले देहायका विषयवस्तुहरूबारे सम्बोधन गर्नेछ :-

- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी आलेख, २००० ले गरेको मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई यस क्षेत्रमा एउटा साझा मापदण्डको रूपमा लिने,
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी विवाद, भिन्नता र अनमेल परिभाषा सम्बोधन गर्ने,
- नेपाल, भारत र बंगलादेशमा व्याप्त मानव बेचबिखन तथा ओसारपसारका स्वरूपहरू पहिचान गर्ने,
- मानव बेचबिखन तथा ओसारपसारका कारक तत्त्वहरू पहिचान गर्ने,
- अधिकारमा आधारित मानव बेचबिखन तथा ओसारपसारका विरुद्धको सङ्घर्षलाई प्रवर्द्धन गर्ने अन्तर्राष्ट्रिय संयन्त्रहरू कार्यान्वयन गर्ने,
- तीनवटै देशहरूमा मानव बेचबिखन तथा

ओसारपसार अपराधसँगसम्बन्धित सारवान् तथा कार्यविधि कानुनका संयन्त्रहरू तय गर्ने,

- सम्बन्धित सरकोरवालाहरू, विशेष गरी कानुन कार्यान्वयन गर्ने निकायहरू, का जिम्मेवारी तथा भूमिका तय गर्ने,
- अधिकारमा आधारित अनुसन्धान, अभियोजन तथा पुर्पक्षका कार्यविधिहरूको अनुगमन तथा मूल्याङ्कनका मापदण्डहरू तय गर्ने,

## प्रशिक्षण पद्धति

यस प्रमुख समूहमा प्रहरी, समुदायमा आधारित संस्था र गैरसरकारी संस्था, अभियोजनकर्ता, कानुन व्यवसायी, अधिकारकर्मी, पारालिगल आदिको संलग्नता रहन्छ । कानुन कार्यान्वयनमा संलग्न अधिकारहिरूको समूहलाई गैरसरकारी संस्था, सञ्चारकर्मी तथा पारालिगलहरूलाई भन्दा भिन्न तरिकाले व्यवहार गर्नुपर्ने हुन्छ ।

कानुन कार्यान्वयन गर्ने निकायहरू जस्तै, प्रहरी र सरकारी वकिल, कानुन व्यवसायी र पारालिगलहरूलाई कानुनको बारेमा बढ्ता तालिम दिनुपर्छ । तथापि प्रशिक्षणमा दृष्टिकोणात्मक अनुशिक्षण (मानव बेचबिखन तथा ओसारपसार र यौनशोषणका पीडितहरूलाई सम्बद्ध कानुन अन्तर्गत दोषीको रूपमा नहेरेर पीडितको रूपमा हेर्ने), मनोवैज्ञानिक हस्तक्षेप, उद्धार र उद्धारपश्चातको हेरचाह र पुर्पक्षको समयमा पीडितको संरक्षण आदि विषयवस्तु बारेमा पनि उल्लेख गर्नुपर्छ ।

प्रशिक्षणका सहयोगी सामग्रीहरूमा फिल्म, कानुनका पुस्तक, अदालतका फैसलाहरू, घटना अध्ययन, चार्ट, पोस्टरहरू पर्दछन् । प्रशिक्षण पद्धति घटना अध्ययनमुखी हुन्छ र उपयुक्त सहयोगी सामग्रीहरूको प्रयोग गरिन्छ । घटना अध्ययनको एउटा उदाहरण तल दिइएको छ ।

### भारत

वेश्यालयबाट उद्धार गरिएकी 'क' नाम गरेकी १६ वर्षकी केटी जनवरी २००६ देखि निगरानीगृह (Observation Home) मा राखिएकी छिन् । उनी विगत ४ वर्षदेखि वेश्यालयमा व्यवसायिक यौनशोषणकी पीडित थिइन् । उनी धेरै सानो उमेरमा व्यवसायिक यौनशोषणको शिकार भएकी थिइन् । यी सम्पूर्ण दुःखका लागि उनी आफ्नो भाग्यलाई दोष दिन्थिन् । उनले दैनिक १२ घण्टा ग्राहकलाई मनोरन्जन प्रदान गर्नुपर्थ्यो । वेश्यालयकी मालिक्नी धेरै भन्दा धेरै ग्राहक पठाउँथिन् र 'क' लाई भगवानले गोरो छाला, सुन्दर आकृति र आकर्षक जीउडाल दिएको छ भनी फुर्क्याउँथिन् ।

उद्धार पश्चात् 'क' ले आफ्नो अतित खुलासा गरिन् । उनी बाबुआमा र भाइबहिनीसित एउटा सानो गाउँमा बस्थिन् । उनी आफ्ना भाइबहिनीहरू तथा साथीसङ्गीहरूसित गाउँको विद्यालय जान्थिन् । तर घरमा पैसाको जहिले पनि अभाव हुन्थ्यो । घरमा बाबुआमाले उनीहरूको गरिबीबारे कुरा गरेको उनी सुन्थिन् । एक दिन सहरमा काम गर्ने उनको छिमेकी काका उनको घर आयो र उनको बाबुआमालाई - "म 'क' लाई दिल्ली सहरमा घरेलु कामदारको रूपमा काम लगाइदिन्छु" भन्यो । उसले 'क' को बाबुआमालाई यदि 'क' ले दिल्लीको धनी मानिसको घरमा काम गरिन् भने उनको तलब राम्रो हुनेछ जसका सहायताले उनको बाबुआमा तथा भाइबहिनीहरूले गाउँमा आरामदायी जीवन जिउन सक्नेछन् भनी लोभ देखाई प्रभावमा पार्‍यो । उनका बाबुआमाले यसलाई एक मात्र उत्तम उपाय ठानी छिमेकी काकासित 'क' लाई पठाउन राजी भए ।

'क' लाई सहर जान डर लागिरहेको थियो । तर उनी सम्पूर्ण परिवारको सुखको कारण बन्ने कुराले विश्वस्त भइन् । उनले सोचिन् सहरमा प्रशस्त रकम आम्दानी गरेपछि उनी गाउँमा नै फर्कनेछिन् र

आफ्नो अध्ययनलाई निरन्तरता दिनेछिन् । उनले राम्रो तलब, सुखी बाबुआमा तथा भाइबहिनी, पक्का घर र परिवारको आरामबारे सपना देख्न थालिन् ।

'क' र छिमेकी काका सहरमा पुग्नासाथ उनलाई एउटा घरमा लगियो र उनको त्रास शुरु भयो । तत्काल उनले थाहा पाइन् उनको सपनाको सहर एउटा डरलाग्दो खण्डहरमा परिणत भयो । उनीलाई छिमेकी काकाले रु. २००००/- मा वेश्यालयमा बेचेछन् । निरन्तर पिटाई, भोकभोकै राख्ने र यातना दिने जस्ता कार्यले उनका शोषकहरूको इच्छा पूरा गर्न उनी बाध्य भइन् । एक रात उनीसँग २७ जना ग्राहकहरू थिए । स्वाश लिन पनि गाह्रो भएर उनले आफ्नो जीवन समाप्त पार्ने निर्णय गरिन् । उनको आँखा अगाडि उनको गाउँ र परिवारका सदस्यहरूका अनुहार नाच्न थाले । तर त्यसरात उनी भाग्यमानी साबित भइन् किनभने उनको २८ औं ग्राहक छद्म भेषधारी प्रहरी अधिकृत थियो । अन्तमा सन् २००६ को जनवरीमा २० वर्षको उमेरमा उनको उद्धार भयो ।

**गलत पद्दती**

जब 'क' लाई अन्य केटीहरूसितै उद्धार गरियो, प्रहरी अधिकारीहरूले अपमानजनक र घृणास्पद भाषा तथा सङ्केतद्धारा उनलाई दुर्व्यवहार गर्न थाले । उनलाई उद्धार टोलीले गाली गलौज गर्दै अत्यन्त नराम्रो व्यवहार गरे । उनलाई अपराधीहरूसँगै प्रहरी चौकीमा लगियो । अपराधीहरूले बाटाभरि उनलाई धम्की दिए र उनका शोषकहरू विरुद्ध कुनै सूचना नदिनका लागि डर देखाए । प्रहरी चौकीमा उनीलगायत उद्धार गरिएका केटीहरूलाई घण्टौं कुराएर बयान लिइयो र सबैलाई अनैतिक मानव ओसारपसार तथा बेचबखिन (निरोध) ऐनको दफा ८ अन्तर्गत अभियोग लगाइयो । त्यसैले सुधार गृहमा पठाउनका लागि आदेशको लागि उनीहरूलाई जिल्ला अधिकारीकोमा प्रस्तुत गर्नुपर्‍यो । सबैको व्यवहारले 'क' ले विचलित, चिन्तित, शून्यता, त्रसित, एक्लो, दिग्भ्रमित र दोषी महसुस गरिन् । त्यहाँ उनलाई परामर्श दिन र त्रासबाट मुक्त गर्न न कुनै मानसिक स्वास्थ्यकर्मी थिए, न कुनै तालिम प्राप्त गैरसरकारी संस्थासँग आवद्ध विज्ञ नै थिए । त्यहाँ कुनै व्यवसायिक सीप हासिल गर्ने अवसर पनि थिएन । सबै केटीहरूको खाने, सुत्ने, त्यही पुराना गीतहरू गाउने र केही सिलाइबुनाइ गर्ने काम मात्र थियो । 'क' गृह प्रमुख कहाँ गइन् र आफूलाई गाडी चालक प्रशिक्षणका लागि पठाउन अनुरोध गरिन् ता कि गाडी चालक बनेर उनले जिविकोपार्जन गर्न सकून । 'क' को अनुरोधलाई गृह प्रमुखले हाँसेर उडाइदिए । 'क' झन् बढी चिन्तित हुन थालिन् र उनको अवस्था आगामी दिनहरूमा अझ निराशापूर्ण हुँदैगयो ।

**ठीक पद्धती**

'क' ले अन्य केटीहरूसहित उद्धारको क्रममा प्रहरी अधिकृतहरूसित सादा पोसाकमा महिलाहरू पनि भएको कुरा थाहा पाइन् । मध्यरात भएको उद्धार कार्यमा उनलाई विनम्रताका साथ एकातिर रहन अनुरोध गरियो र औपचारिक पोसाकमा रहेको प्रहरी अधिकारीले उनलाई गैरसरकारी संस्थाका कार्यकर्ताले अधिकारबारे परामर्श दिने जानकारी गराए । त्यसपछि के गरिन्छ भन्ने कुरा उनीहरूलाई सम्मानजनक ढङ्गले जानकारी गराइयो । सादा पोसाकका महिला अधिकारी तथा गैर सरकारी संस्थाका कार्यकर्ताहरूले पहिलो महत्त्वपूर्ण कुरा 'क' अपराधी नभएको र उनलाई अपराधीलाईझैं व्यवहार नगरिने कुरा बताए । उनका शोषकहरू अपराधी हुन् र उनी प्रहरी अधिकारीहरूसित डराउनु पर्दैन भनेर बताए । त्यसपछि

गैरसरकारी संस्थाका कार्यकर्ताहरूले उनको कानुनी अधिकारहरूका बारेमा जानकारी गराए । उनीलगायतका उद्धार गरिएका केटीहरूलाई छुट्टै गाडीमा राखी प्रहरी चौकीमा लगियो जसले गर्दा उनीहरूका शोषक अपराधीहरूले डर धम्की दिन पाएनन् ।

प्रहरी चौकीमा उनलाई हल्का खानेकुरा र पिउने पानी दिइयो । नुवाइधुवाइ गर्ने सुविधा पनि प्रदान गरियो । आकस्मिक स्वास्थ्य उपचारको जरुरी भएका अन्य केटीहरूलाई अस्पताल लगियो । जिल्ला अधिकारी सामुन्ने हुने कानुनी कारबाहीको बारेमा 'क' लाई प्रहरी तथा गैरसरकारी संस्थाका परामर्शदाताहरूले बताई स्पष्ट पारे ।

अदालतमा, अभियोजनकर्ताले नाबालक पीडितहरूलाई बयस्क पीडितहरूबाट अलग राखे । मुद्दा हेर्ने अधिकारी र अभियोजनकर्ताहरूले सबै उद्धार गरिएका व्यक्तिहरूप्रति अत्यन्त सम्मानपूर्वक व्यवहार गरे । बयस्क पीडितहरूलाई संरक्षण गृहमा पठाइयो भने नाबालक पीडितहरूलाई बाल न्याय ऐन, २००० अन्तर्गतका आवश्यक कारबाहीका लागि बाल कल्याण समितिमा पठाइयो ।

संरक्षण गृहमा 'क' लाई मानसिक स्वास्थ्य लगायतका सम्पूर्ण कानुनी अधिकारहरूका बारेमा परामर्श दिइयो । उनलाई जीविकोपार्जनका लागि आवश्यक नयाँ सीपहरू सिक्ने अवसरहरू प्रदान गरियो । उनी सदा मोटर कार प्रति आकर्षित हुन्थिन् त्यसैले उनले कार चालकको प्रशिक्षण लिई जीविकोपार्जन गर्ने इच्छा व्यक्त गरिन् । संरक्षण गृह सञ्चालन गर्ने गैर सरकारी संस्था उनको यस इच्छाप्रति अत्यन्त सकारात्मक देखियो र उनलाई ड्राइभिङ्ग इन्स्टिच्युटमा प्रशिक्षणका लागि पठाइयो । चालक अनुमतिपत्र प्राप्त गरेपछि संरक्षण गृहले कार भाडामा दिने कम्पनीमार्फत उनलाई रोजगारी दिलायो । आज 'क' एउटा पूर्ण सशक्त व्यक्ति भएकी छन् । उनी मानव बेचबिखन तथा ओसारपसारको पीडित हुनु परेको अवस्थादेखि लिएर एउटा सशक्त व्यक्ति भएको लामो यात्रा पार गरेकी छन् । उनले एक दिन घर फर्की आफ्ना आमाबाबु तथा भाइबहिनीलाई भेट्ने सपना देखेकी छन् । उनले विवाह गरेर बालबच्चा हुर्काउने सपना देखेकी छन् ।

## २.३. समुदायमा आधारित संस्थाहरूका लागि प्रशिक्षण

समुदायमा आधारित संस्थाहरूका लागि प्रशिक्षण पीडितहरूको संरक्षण तथा मानव बेचबिखन तथा ओसारपसार कार्यहरूको निरोधमा केन्द्रित रहन्छ । समुदायमा आधारित संस्था (CBO) तथा गैर सरकारी संस्था (NGO) हरूले मानव बेचबिखन तथा ओसारपसारका स्रोत क्षेत्रमा सचेतना अभिवृद्धि गरी जोखिममा परेका व्यक्तिहरूलाई बेचबिखन तथा ओसारपसार हुनबाट जोगाउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । उनीहरूले पीडितहरूको पहिचान गर्ने, उनीहरूलाई उद्धार गर्ने, उद्धारपश्चात पुनर्स्थापना गर्ने, फिर्ता पठाउने, दिगो जीविकोपार्जनका लागि सीप तथा प्रशिक्षण उपलब्ध गराउने जस्ता कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छन् । प्रशिक्षण पद्धति माथि उल्लेखित परिदृश्यमा केन्द्रित हुनुपर्दछ । केही NGO हरूले पीडितलाई अदालतमा उपस्थित हुन सक्षम बनाई अपराधीहरूलाई दण्डित गर्न पनि मद्दत पुऱ्याउँछन् ।

त्यसकारण NGO हरूलाई प्रशिक्षण दिने सन्दर्भमा कानुनका केही अंशहरू समावेश गर्नु जरुरी हुन्छ । प्रशिक्षण सामग्रीमा पोस्टर, चार्ट, साधारण प्रशिक्षण सिट, उल्लेखनीय घटना अध्ययन विवरण आदि समावेश गर्नुपर्छ ।

## २.४. सञ्चारकर्मीहरूलाई दिइने प्रशिक्षण

सञ्चारकर्मीहरूलाई दिइने प्रशिक्षण मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने जस्तो सञ्चारका आवश्यक कार्यहरूमा केन्द्रित हुनु जरुरी छ । प्रशिक्षणको उद्देश्य छापा तथा विद्युतीय सञ्चार माध्यममा मानव बेचबिखन तथा ओसारपसारको मुद्दालाई प्राथमिकता दिने हुनेछ । पीडितको अधिकार संरक्षणसम्बन्धी मुद्दालाई सशक्त र जागरुक ढङ्गले उठाउने विषयमा प्रशिक्षण केन्द्रित हुनेछ । सञ्चार माध्यममा पीडितको परिचय खोल्ने या नखोल्ने अधिकारसम्बन्धी विषयवस्तुलाई पनि सशक्त ढङ्गले उठाइने छ । प्रशिक्षण सामग्रीहरूका रूपमा पोस्टर, चार्ट, सामान्य प्रशिक्षण सिट, उद्धार गरिएको पीडितको सफल पुनर्स्थापनासम्बन्धी उदाहरण, मानव हितका कथाहरू आदि प्रयोग गर्नुपर्छ ।

### प्रशिक्षणको मूल्याङ्कन

प्रशिक्षणका प्रभावकारिताबारे यसप्रकार मूल्याङ्कन गरिन्छ :-

१. सहभागीहरूले प्रशिक्षणमा प्रदान गरिएको सूचना तथा ज्ञानको निर्धारण आफैं गर्नेछन् ।

२. सहभागीहरूले प्रशिक्षणको सुधारका लागि सुझाव र सल्लाह प्रदान गर्नेछन् ।

३. प्रशिक्षकहरूले प्रशिक्षणको क्रममा प्रदान गरिएको विषयवस्तुहरूको बुझाइबारे सोधपुछ गर्नेछन् ।

### प्रशिक्षणको उपलब्धि

- अधिकारमा आधारित उपायका आधारमा स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अभियान सञ्चालन गर्न सहभागीहरूको क्षमता विकास हुन्छ ।
- सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार मानवअधिकार उल्लङ्घनसम्बन्धी अपराध हो भनी बुझ्दछन् ।
- सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध सङ्घर्षका 3'P' हरू Presentation (निरोध), Protection (संरक्षण) र Prosecution (अभियोजन) मा निहित असल व्यवहारहरू एक आपसमा साझेदारी गर्नेछन् ।
- मानव बेचबिखन तथा ओसारपसारका पीडतहरूको पहिचान, मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूको पहिचान, पीडितहरूको उद्धार तथा पुनर्स्थापना, पीडितलाई पुर्पक्षका लागि तथा फिर्ता पठाउन तयार गर्ने जस्ता असल व्यवहारबारे सहभागीहरूले साझेदारी गर्नेछन् ।

---

## २.५. कानुनका विद्यार्थीहरूको लागि प्रशिक्षण

प्रमुख समूहका प्रशिक्षित प्रशिक्षकहरूले विभिन्न विश्वविद्यालय तथा महाविद्यालयहरूमा कानुनका विद्यार्थीहरूलाई मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध अधिकारमा आधारित उपायबारे प्रशिक्षण प्रदान गर्छन् । प्रशिक्षित विद्यार्थीहरूले स्थानीय तहमा मानव ओसारपसार तथा बेचबखिनका विरुद्ध बहस अभियान सञ्चालन गर्नेछन् ।

### प्रशिक्षणको उद्देश्य

प्रशिक्षणले निम्नलिखित उद्देश्यहरूलाई सम्बोधन गर्नेछ

- कानुनका विद्यार्थीहरूलाई नेपाल, भारत र बंगलादेशको परिप्रेक्ष्यमा रहेर पीडितको हितको दृष्टिकोणबाट फौजदारी न्यायमा विशेष केन्द्रित भई अधिकारमा आधारित उपायबारे जागरूक बनाउने ।
- कानुनका विद्यार्थीहरूलाई दासता तथा दास व्यवहारमा केन्द्रित रही मानवअधिकारको दृष्टिकोणबाट मानव बेचबिखन तथा ओसारपसारको विरुद्ध सङ्घर्ष गर्न उत्प्रेरित गर्ने ।
- दासताको विरुद्धमा केन्द्रित रही मानव

बेचबिखन तथा ओसारपसारको विरुद्ध अधिकारमा आधारित कारबाहीका लागि वृहत बहस तथा सचेतनाका लागि कानुनका विद्यार्थीहरूलाई परिचालन गर्ने ।

### प्रशिक्षणका विषयवस्तुहरू

- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी आलेख, २००० ले गरेको मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई सम्पूर्ण क्षेत्रमा एउटा साझा मापदण्ड मान्ने,
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी विवाद, भिन्नता र अनमेल परिभाषा सम्बोधन गर्ने,
- नेपाल, भारत र बंगलादेशमा प्रचलित मानव बेचबिखन तथा ओसारपसारका स्वरूपहरू पहिचान गर्ने,
- मानव बेचबिखन तथा ओसारपसारतर्फ उन्मुख गराउने तत्त्वहरू,
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कार्य अन्तर्राष्ट्रिय मानवअधिकार कानुन आकर्षित हुने दासता तथा दास व्यहवारसम्बन्धी अपराध भएको बोध गराउने,
- अधिकारमा आधारित उपायद्वारा मानव ओसारपसार तथा बेचबखिन विरुद्धको सङ्घर्ष प्रवर्द्धन गर्ने अन्तर्राष्ट्रिय कानुनहरू कार्यान्वयन गर्ने,
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी नेपाली, भारतीय तथा बंगलादेशी सारभूत र कार्यविधिगत कानुनी संरचनाहरू तय गर्ने,
- नागरिक समाजको जिम्मेवारी तथा भूमिका बोध गराउने ।

### प्रशिक्षण पद्धति

कानुनका विद्यार्थीहरूको प्रशिक्षण कार्यक्रममा माथि प्रमुख समूहको प्रशिक्षणमा उल्लेखित उद्देश्यहरू प्राप्त गर्नेतर्फ ध्यान दिइन्छ । उनीहरूको कार्य मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित मुद्दामा सचेतना अभिवृद्धि गर्ने भएकाले प्रशिक्षणको क्रममा उनीहरूको सम्बोधन गर्ने समूहलाई पनि ध्यान दिइन्छ । यी तीनवटा देशहरूका मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित कानुनहरूको बारेमा आधारभूत ज्ञानका साथै उनीहरूका प्रशिक्षण कार्यक्रममा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अवधारणा, कारक तत्त्व, व्यक्तिका जोखिम, समुदायका जोखिम, पीडित तथा पीडकको पहिचानका लागि समुदायको सशक्तीकरणबारे अनुशिक्षण दिइन्छ ।

कानुनका विद्यार्थीहरूको लागि प्रशिक्षण कार्यक्रममा गाउँले तथा सहरीया समुदायहरू, कानुन कार्यान्वयन गर्ने अधिकारीहरू तथा अन्य सरोकारवालाहरूका लागि भविष्यमा सञ्चालन गर्ने प्रशिक्षण तथा सचेतना कार्यक्रममा अपनाउनु पर्ने भिन्न पद्धतिहरूबारे वर्णन गरिन्छ ।

### प्रशिक्षणको मूल्याङ्कन

प्रशिक्षणका प्रभावकारिताबारे यसप्रकार मूल्याङ्कन गरिन्छ :-

१. सहभागीहरूले प्रशिक्षणमा प्रदान गरिएको सूचना तथा ज्ञानको निर्धारण आफैं गर्नेछन् ।
२. सहभागीहरूले प्रशिक्षणको सुधारका लागि सुझाव र सल्लाह प्रदान गर्नेछन् ।
३. प्रशिक्षकहरूले प्रशिक्षणको क्रममा प्रदान गरिएको विषयवस्तुहरूको बुझाइबारे सोधपुछ गर्नेछन् ।

### प्रशिक्षणको उपलब्धि

- सहभागीहरू मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी समस्यामा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन प्रयोग गर्नेबारे परिचित हुनेछन् ।
- स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अधिकारमा आधारित उपाय प्रयोग गर्ने क्षमता सहभागीहरूमा विकास हुनेछ ।
- सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसारलाई मानवअधिकार उल्लङ्घनको अपराधको रूपमा बुझ्नेछन् ।

## अनुसूची १

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४

**प्रस्तावना :** मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनर्स्थापना गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपालबाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कसूर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ख) "केन्द्र" भन्नाले दफा १३ बमोजिम स्थापित पुनर्स्थापना केन्द्र सम्झनु पर्दछ ।

(ग) "पीडित" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

### परिच्छेद–२

### कसूर र अनुसन्धान सम्बन्धी व्यवस्था

**३. मानव बेचबिखन र ओसारपसार गर्न नहुने :**

(१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्न गराउन हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

**४. मानव बेचबिखन र ओसारपसार गरेको मानिने :**

(१) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ :-

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने ।

(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ :-

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा

लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

५. **उजुर गर्ने :**

(१) दफा ३ बमोजिमको कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ ।

६. **बयान प्रमाणित गराउने :**

(१) दफा ५ बमोजिमको उजुर पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ ।

(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसूरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ ।

७. **पक्राउ गर्न वा खानतलासी लिन सकिने :**

(१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही न–गरेमा कसूरदार भाग्ने उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ :-

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा त्यस्तो प्रहरी कर्मचारीले सम्भव भएसम्म स्थानीय निकायका प्रतिनिधि समेत र सम्भव नभए त्यस समयमा उपस्थित व्यक्तिहरुको रोहबरमा गर्नु पर्नेछ र सोको मुचुल्का तयार गरी सोको प्रतिलिपि सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनु पर्नेछ ।

८. **थुनामा राखी कारबाही गर्नु पर्ने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।

९. **प्रमाणको भार :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ ।

१०. **छुट्टै कानून व्यवसायी राख्न पाउने :** यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको सुनुवाइ अदालतमा हुँदा पीडितले छुट्टै कानून व्यवसायी मार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्न सक्नेछ ।

११. **दोभाषे वा अनुवादक राख्न सक्ने :** यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ ।

### परिच्छेद–३

## उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी व्यवस्था

१२. **उद्धार सम्बन्धी कार्य :** कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ ।

१३. **पुनर्स्थापना केन्द्र :**

(१) पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(४) केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नेछ ।

(५) केन्द्रले पीडितलाई आवश्यकता अनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

(६) केन्द्रमा रहेका पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन हुँदैन ।

(७) केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **पुनर्स्थापन कोष :**

(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) दफा १५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकमको आधा रकम ।

(३) पुनर्स्थापन कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

### परिच्छेद–४

## दण्ड सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

१५. **दण्ड सजाय :**

(१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिबाना,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना,

(घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना ।

(ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई,-

(१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना,

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख

रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिबाना ।

(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद,

(ज) मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराका हकमा देहाय बमोजिम हुनेछ :-

(क) किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय,

(ख) किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसूर गरे बापत छुट्टाछुट्टै सजाय,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड

(ख) बमोजिम छुटाइ लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे बापत छुट्टाछुट्टै सजाय ।

(३) दफा ३ बमोजिमको कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसूर गरे बापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(४) कसैले दफा ३ बमोजिमको कसूर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दश प्रतिशत थप सजाय हुनेछ ।

(५) कसैले दफा ३ बमोजिमको कसूर पुनः गरेमा प्रत्येक पटक कसूर गरे बापत सो कसूर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ ।

(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

१६. **सजाय नहुने :** आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन, भाग्न मद्दत माग्दा मद्दत प्राप्त नभएको र उम्कन भाग्न खोज्दा कसैले बाधा विरोध गरेमा वा रोकेमा वा पक्रेमा वा जोरजुलुम गरेमा बल प्रयोग नगरी त्यस्तो बाधा विरोध वा जोरजुलुमबाट वा पक्राउबाट भाग्न उम्कन सकिँदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने वा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।

१७. **क्षतिपूर्ति :**

(१) अदालतले कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने

गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम दफा १४ बमोजिमको पुनर्स्थापन कोषमा जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद–५

## विविध

**१८. सम्पत्ति जफत हुने :**

(१) कसैले यस ऐन अन्तर्गतको कसूरबाट कुनै चल-अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुनेछ ।

(२) कसैले यस ऐन अन्तर्गतको कसूर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानी-जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ ।

**१९. पुरस्कार :**

(१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिबानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप दफा १४ बमोजिमको पुनर्स्थापन कोषबाट प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक जनाभन्दा बढी भएमा निजहरुलाई त्यस्तो रकम दामासाहीको दरले दिइनेछ ।

**२०. सुराकीको विवरण गोप्य राख्नु पर्ने :** दफा १९ को उपदफा (१) बमोजिम सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्नेछ ।

**२१. सजायको माग दाबीमा छुट :** (१) यस ऐन बमोजिमको कसूर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ ।

तर, निजले गरेको सहयोग अन्य सबुद प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफा बमोजिम सजायको माग दाबीमा छुट दिन सकिने छैन :-

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको ।

**२२. दाबी गर्न सक्ने :** यस ऐन बमोजिमको कसूरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हो भनी दाबी लिन सक्नेछ ।

**२३. समिति गठन गर्न सक्ने :**

(१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितलाई पुर्नस्थापना गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२४. बाधा विरोध गर्नेलाई सजाय हुने :** कसैले यस ऐन

अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**२५. प्रचार प्रसार गर्न नहुने :**

(१) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**२६. सुरक्षाको व्यवस्था :** दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रुपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ :-

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने,

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,

(ग) केन्द्रमा राख्ने ।

**२७. बन्द इजलासमा कारबाही हुने :**

(१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

**२८. सरकार वादी हुने :** यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

**२९. नियम बनाउने अधिकार :** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**३०. खारेजी र बचाउ :**

(१) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछन् ।

**अर्को फाइलमा छ ।**

File name: Chart.pmd